वर्ष १८ | अंक ५२ | नेपाल संवत् ११४० | २०७६ मंसिर ५ गते बिहीबार | 21 Nov. 2019 | पृष्ठ ८ | मूल्य रु. १०

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com




नेपाल-भारत सीमा सुरक्षा बैठक

# सीमावर्ती अपराध नियन्त्रणमा जोड

**भरत कोइराला**
पोखरा, ४ मंसिर



नेपाल-भारत सीमा सुरक्षासम्बन्धी समन्वयात्मक बैठक बुधबार पोखरामा सुरु भएको छ । सीमावर्ती अपराधलाई नियन्त्रण गर्ने, हातहतियार ओसारपासर रोक्ने, लागुऔषध, मानवतस्करी रोक्ने विषयमा पहिलो दिन छलफल भएको सशस्त्र प्रहरी बलका प्रवक्ता डिआइजी सुरजकुमार श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'समन्वय र सहयोग कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल केन्द्रित छ । दसैंतिहारका बेलामा सीमा क्षेत्रमा राखिएको संयुक्त हेल्प डेस्क निकै प्रभावकारी भयो, यसलाई निरन्तरता दिनेबारेमा छलफल भएको छ ।' सीमा क्षेत्रमा सँगै काम गर्दाका अनुभव आदानप्रदान मात्र नभएर २ देशको सुरक्षा निकायबीच तालिम आदानप्रदानको विषय पनि छलफलमा समेटिएको छ ।

पोखरामा सुरु भएको बैठक ६ गते काठमाडौंमा सकिनेछ । बुधबार दिउँसो पहिलो चरणको बैठक सकेर संयुक्त टोलीले पोखराको पर्यटकीय क्षेत्रको भ्रमण गरेको छ । बिहीबार कुरिनटारस्थित सशस्त्रको तालिम केन्द्र अवलोकन गरेर टोली काठमाठौं पुग्ने छ । बैठकमा उठेका विषयलाई दुवै देशका सुरक्षा संयन्त्रले आआफ्नो देशको गृहमन्त्रालयमा जानकारी गराइसकेका छन् । मन्त्रालयबाट आवश्यक छलफलका बुँदा परे परिमार्जनसहित फिर्ता गरेपछि माइन्युट गरेर औपचारिक रुपमा बैठकको समापन गरिने प्रवक्ता डिआजी श्रेष्ठले बताए । बैठकमा नेपालका तर्फबाट पेस गर्ने एजेन्डा तयार पारेर सशस्त्र प्रहरी प्रमुख शैलेन्द्र खनालले गृह मन्त्रालयमा यस अघि नै पेस गरेका थिए ।

> **पूर्व निर्धारित एजेन्डा हुने भएकाले सीमा विवादबारे बैठकमा कुनै छलफल नै हुन पाएन**

पोखराको दोबिल्लास्थित माउन्टग्लोरी रिसोर्टमा भएको बैठकमा नेपालबाट सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल, गृह, पराराष्ट्र, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानका अधिकारी सहभागी छन् । भारतका तर्फबाट एसएसबीका महानिर्देशक कुमार राजेश चन्द्रासहितको टोली सहभागी छ ।

२०७५ साउन २३ र २४ गते भारतको राजधानी नयाँदिल्लीमा तेस्रो बैठक बसेको थियो। त्यसअघि २०६९ र २०७२ मा भारत र नेपालले क्रमश पहिलो र दोस्रो बैठक आयोजना गरेका थिए। दिल्लीमा सम्पन्न तेस्रो बैठकले समन्वय बैठक वर्षको एकपटक, सीमा सुरक्षा गण तहमा २ पटक र बोर्डर अब्जर्भर पोस्ट (बिओपी) तहमा हरेक महिना बैठक बस्ने निर्णय गरेको थियो। उक्त बैठकमा सीमापार अपराध नियन्त्रणका लागि औपचारिक संयन्त्र बनाई नियमित गस्ती गर्ने सहमति भएको थियो । क्षमता अभिवृद्धिका लागि २ संगठनले आ-आफ्ना अनुभव साट्ने र अवलोकन भ्रमण गर्ने समझदारी पनि त्यही बेला भएको थियो ।

गण र बिओपी तहमा नियमितजसो सीमा सुरक्षा, अन्तरदेशीय अपराध रोकथाम, नियन्त्रण र सूचना आदानप्रदानबारे हरेक वर्ष दुवै देशका सीमा सुरक्षा निकायबीच बैठक आयोजना हुने गरेको छ। केन्द्रीय तहमा समन्वय बैठकलाई नियमित गर्न नसकिएको गृह मन्त्रालयका उच्च अधिकारीले बताए । नेपाल र भारतबीच पूर्वको ताप्लेजुङदेखि सुदूरपश्चिम प्रदेशको दार्चुलासम्म २३ जिल्लामा करिब १ हजार ८ सय ८० किमि सीमा लम्बाइ कायम छ। केही वर्षयता एसएसबीले नेपाल-भारत सीमामा आफ्नो उपस्थिति बढाउँदै लगेको छ । उसले ५ सय ३० वटा सीमा पोस्ट खडा गरिसकेको छ । एपिएफले पनि त्यसैअनुरूप संरचना अगाडि बढाउँदै लगेको छ ।

सीमा सुरक्षा समन्वय बैठक भएकाले कालापानीको नक्सा विवादबारे यसमा छलफल गर्न पाइँदैन । भारतले नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटेर सार्वजनिक गरेको विवादित राजनीतिक नक्साबारे कुनै छलफल भएन ।

# प्रचण्ड अब कार्यकारी अध्यक्ष

काठमाडौं, ४ मंसिर (समाधान) - नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सचिवालय बैठकले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पार्टीको कार्यकारी अधिकार दिने र प्रधानमन्त्री ओलीले ५ वर्ष सरकार चलाउने निर्णय गरेको छ ।

नेकपामा लामो समयदेखि विवादमा रहेको २ अध्यक्षको कार्यविभाजनको विवाद यो निर्णयसँगै अन्त्य भएको छ । ओलीको नेतृत्वमा सरकार गठन भएको २१ महिनासम्म पनि २ अध्यक्षको कार्यविभाजन भएको थिएन । बुधबार बालुवाटारमा बसेको सचिवालय बैठकमा मन्त्रिपरिषद हेरफेर गर्ने विषयमा छलफल भए पनि टुंगो भने लागेको छैन । पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले मन्त्रिपरिषद हेरफेरसम्बन्धी कुनै छलफल नभएको बताए । मन्त्रिपरिषद हेरफेरका विषयमा सोमबार बसेको सचिवालय बैठकमा छलफल भएको थियो । प्रधानमन्त्री ओलीको नेतृत्वमा सरकार गठन हुँदा दुई ठूला वामपन्थी पार्टीहरू तत्कालीन एमाले र माओवादी एक भइसकेका थिएनन् । २०७४ सालको फागुन ३ गते ओलीले प्रधानमन्त्रीको सपथ लिएका थिए भने २०७५ सालको जेठ ३ गते पार्टी एकता भएको थियो । बुधबार बसेको सचिवालय बैठकअघि अध्यक्षद्वयबीच कार्यविभाजन, मन्त्रिपरिषद हेरफेर, सभामुखको टुंगो र संवैधानिक आयोगका विषयमा एकमुष्ट छलफल गरेर प्याकेजमै सहमति गर्ने चर्चा चलेको थियो ।









# १ को मृत्यु, १ घाइते

पोखरा, ४ मंसिर (समाधान)- माछापुच्छ्रे गाउँपालिका ३ मर्दीखोलाबाट घाचोकतर्फ जाँदै गरेको ग १ त ३४७३ नम्बरको ट्र्याक्टर सडकबाट लगभग ५० मिटर तल खस्दा ट्र्याक्टर चालकको मृत्यु भएको छ। पर्सा घर भई माछापुच्छ्रे गाउँपालिका बस्ने चालक नरेन्द्रसिंह बस्नेतको ट्र्याक्टरले च्यापेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

पोखरा १८ सराङकोट तोरीपानीस्थित ब्लु स्काई कम्पनीको प्याराग्लाइडिङ दुर्घटना हुँदा स्लो पाइलट ब्रिटेनका नागरिक म्याटहिओ फिडिएस घाइते भएका छन्। मणिपाल शिक्षण अस्पताल उनको उपचार भइरहेको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले जानकारी दिएको छ।

# पञ्चम क्लिनिकमा निशुल्क शिविर

पोखरा, ४ मंसिर (समाधान)- पञ्चम आयुर्वेद क्लिनिक इन्द्रचोकमा नाक, कान, घाँटी तथा माइग्रेनसम्बन्धी निशुल्क स्वास्थ्य शिविर हुने भएको छ। पञ्चम आयुर्वेद क्लिनिकको सातौं वर्ष शुभारम्भको अवसरमा क्लिनिकमा परीक्षण तथा उपचार शिविर हुने बिस्ना शर्मा चापागाईंले जानकारी दिइन्।

क्लिनिकमा पिनास, रुघा लागिरहने, नाक बन्द हुने, टाउको दुख्ने, घाँटी तथा छातीसम्बन्धी समस्या, नाकको एलर्जी लगायतको उपचार गरिने व्यवस्था गरिएकोसमेत बताइएको छ। क्लिनिकमा पायल्स ,स्त्रीरोग, पेट तथा नशा रोग बाथ रोगको उपचारसमेत हँदै आएको छ।

# पर्वतमा गौ महोत्सव हुने




**समाधान संवाददाता**
पर्वत, ४ मंसिर

गाई संरक्षण गर्दै प्रचार गर्न संस्थाले मंसिर १९ देखि २३ गतेसम्म गौ महोत्सव आयोजना गर्ने भएको छ। राष्ट्रिय जनावर गाई संरक्षण गर्न पर्वतका धार्मिक अगुवा अग्रसर भएका हुन्।

जलजला गाउँपालिका ७ धाइरिङमा २०७२ सालमा स्थापित गण्डकी गोपाल गोरक्ष गोकुलधाम क्षेत्रको संस्थामा गाई पालन थालिएको हो। संस्थामा अहिले ३० वटा गाई छन्। धाइरिङका धार्मिक व्यक्तिले मानव सभ्यता र गाईको सहचर्यात्मक सम्बन्ध जोगाउन गाई पालन गरेका हुन्।

गाई संरक्षण मानव जातिकै संरक्षण सरह रहेको बताइएको छ। पत्रकार सम्मोलनमा महोत्सव आयोजक समितिका महासचिव जगन्नाथ आर्चायले नेपालको पहिचानसँग गाईको जातीय पहिचान रहेको हुँदा महोत्सव आयोजना गरेको बताए। उनले भने, 'जन्मदेखि मृत्यु संस्कार र त्यस उप्रान्तका कार्यहरुमा पञ्चगव्य आवश्यक हुने गाई संरक्षणमा सबै लाग्न सन्देश दिने हो।' यो महान् कार्यमा सबैको सहयोग प्राप्त हुने आचार्यले बताए।

माहयज्ञ मुल आयोजक समिति अध्यक्ष राजुप्रसाद आचार्यले पर्वत जिल्लाको कालाञ्चार क्षेत्रको विश्वभर प्रचारप्रसार गरी गाई रक्षार्थ पर्वतवासीले देखाएको कार्य सबैले अनुशरण गर्नेविश्वास व्यक्त गरे। पुराण प्रसिद्ध कालञ्जर मृगतीर्थको महिमा प्रकाशन, गौशाला सुदृढ व्यवस्थापन र आवश्यक संरचना निर्माण, स्थानीय गोवंशको संरक्षण जस्ता प्रमुख उद्देश्य छन्।

# बैदाम प्रहरीको थुनुवा भागेपछि...

**सुरेशराज अधिकारी**
पोखरा, ४ मंसिर

वडा प्रहरी कार्यालय बैदामबाट फरार १ थुनुवालाई प्रहरीले १२ घन्टापछि पक्रेको छ। चितवन घर भएका १८ वर्षीय राम परियार मंगलबार बैदाम प्रहरी कार्यालयबाट भागेका थिए। चोरी मुद्दामा केही दिनअघि मात्र म्याद थप गरेर हिरासतमा राखिएका परियार पिसाब फेर्ने बहानामा बाहिर निस्कँदा भागेका हुन्।

प्रहरीको लापरबाहीका कारण नै परियार भाग्न सफल भएको स्रोतको दाबी छ। परियार भागेको र १२ घण्टापछि पक्राउ परेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता राजकुमार केसी बताउँछन्। परियार बैदामबाट भागेको भए पनि पृथ्वीचोकबाट प्रहरीले पुन नियन्त्रणमा लिएको हो। मंगलबार बेलुका ९:३० बजे परियार फरार भएका थिए।

पिसाब फेर्न लैजाँदा पनि निगरानी गर्नुपर्नेमा त्यसमा कमजोरी भएको प्रहरी स्रोतको भनाइ छ। प्रहरीकै लापरबाही र कमजोरी जोडिएको अर्को घटना तिहारअघि पनि भएको थियो। भाइटीकाको २ दिनअघि पोखरा लेकसाइड ४ नम्बर गल्लीको होटल स्विस होमबाट पक्राउ परेका यौनधन्दामा संलग्न व्यक्तिलाई प्रहरीले त्यत्तिकै छाडिदिएको थियो।

होटल व्यवसायी र स्थानीयले नै प्रहरीलाई बुझाएका व्यक्ति प्रहरीबाट त्यत्तिकै छाडिएका थिए। मानव बेचबिखन कार्यमा संलग्न रहेको भन्दै प्रहरीलाई बुझाएको मान्छेलाई बैदाम प्रहरीले सोधपुछ नगरी छाडिदिनुका साथै ती व्यक्तिबाट नियन्त्रित स्कुटर पनि सुम्पिएको स्थानीय बताउँछन्।

थुनुवा कक्षमा अर्को लापरवाही गत कात्तिक १६ गते पनि भएको थियो। जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतका १ थुनुवाको मृत्यु भएको थियो। सिन्धुली कमलामाई नगरपालिका ५ घर भएका २८ वर्षीय रविन थापा ६१ दिनअघिबाट कास्की प्रहरीको थुनामा थिए। उनको समयमै उपचार नहुँदा मृत्यु भएको प्रहरी स्रोत नै बताउँछ। १० महिनाअघि कास्की प्रहरीको हिरासतभित्र नै विष सेवन गरेका १ व्यक्तिको उपचारको क्रममा मृत्यु भएको थियो। लागुऔषध कारोबार आरोपमा पक्राउ परेका भारत मोतिहारीका ३० वर्षे सन्दीप साहले गत फागुन १६ गते बिहान ४ बजे पोखरा पश्चिमाश्चल क्षेत्रीय अस्पतालमा मृत्यु भएको थियो।


## आवश्यकता

पोखराको एक प्रतिष्ठित बोर्डिङ स्कूलमा निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला।

| | | |
|---|---|---|
| कुक | १ जना/महिला | सम्बन्धित काममा अनुभवी |
| बस हेल्पर/गार्ड | १ जना/पुरुष | सम्बन्धित काममा अनुभवी |

पारिश्रमिक आपसी समझदारीमा तय गरिने छ।

सम्पर्क:-
०६१-५३६१४४, ९८४६१८५५७०, ९८५६०३७४७१

## प्राइभेट SEE, +2 मा भर्ना

- ग्रेडिङ सिस्टम अनुसार घरमै बसी स्वअध्ययन गरेर वा नियमित कक्षा लिएर SLC/SEE मा १००% पास गर्न सकिने छ। साथै SEE/SLC मा जुनसुकै Grade आएकाले पनि कक्षा ११ तथा ६ महिनामै +२ पास गर्न सकिने।
- कक्षा ६, ७ र ८ फेललाई विशेष कक्षाको व्यवस्था।

**हाइलाइट ओपन स्कूल**
सृजनाचोक, पोखरा-८, फोन: ०६१-५३५५५१, ९८५६०३५५५१

## डिसचार्ज सर्टिफिकेट हरायो

यही मिति २०७६/८/२ गते लामाचौर बाट बगर जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको डिसचार्ज सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : विष्णुबहादुर थापा
ठेगाना : जैदी-५, बागलुङ
आर्मी नं. : 5743742 TS/NK
TS : 152345
PPO M S/033924/95


# तिब्बती नाचबारे ७ दिने स्पष्टीकरण




**एसके थकाली**
जोमसोम, ४ मंसिर

भारतको टाटा मोटर्सको नेपालस्थित आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले मंगलबार जोमसोममा आयोजना गरेको २५ औं वर्कसप उद्घाटनमा तिब्बती स्वागत नृत्य समावेश गरेको भन्दै स्थानीय प्रशासनले ७ दिने स्पष्टीकरण माग गरेको छ।

सिप्रदीले भारतीय टाटा मोटर्सका कार्यकारणी प्रमुखसहित आधा दर्जन भारतीय व्यापारी प्रतिनिधिको रोहबरमा वर्कसप उद्घाटन गरेको थियो। कार्यक्रमकै सुरुआतको स्वागत गीतमा तिब्बती नृत्य समावेश गरेपछि यस विषयले चर्चा पाएको थियो।

कार्यक्रममा नेपाली मौलिक नृत्य तथा स्थानीय सांस्कृतिक नृत्यलाई लत्याएर घरपझोङ १ छैरोस्थित तिब्बती शरणार्थी क्याम्पबाट कलाकार झिकाई तिब्बती स्वागत गानबाट स्वागत नृत्य प्रस्तुत गरिएकोप्रति स्थानीय प्रशासनले गम्भीर ध्यानार्कषण भएको जनाएको छ। अनुमतिबिना कार्यक्रममा नृत्य देखाइएको हुँदा आयोजक र क्याम्पसँग स्पष्टीकरण पत्र बुझाएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले जानकारी दिए।

स्पष्टीकरणमा नेपाल सरकारको नीति नियम पालना गरी क्याम्प बस्नुपर्नेमा नियमको उल्लंघन गरी कार्यक्रममा संलग्न हुन मिल्छ? कार्यक्रममा सहभागी हुन कसले अनुमति दियो? र यसमा संलग्न जिम्मेवार को को हुन्? यसको स्पष्ट जवाफ व्यहोरासहितको कारण खुलाउनसमेत निर्देशन गरिएको छ।

सरकारले उत्तरी कोरला नाका खोल्ने तयारी गरिरहँदा भारतीय व्यापारी सम्मिलित कार्यक्रममा यसप्रकारको तिब्बती गतिविधिले नाका खोल्न र १ चीन नीतिप्रति नेपालको प्रतिबद्धतालाई समेत आघात पुग्ने जनाइएको छ।


## नाक, पिनास, माईग्रेन तथा नाकको एलर्जी नि:शुल्क परिक्षण तथा उपचार स्वास्थ्य शिविर

***२०७६ मंसिर ७ गते शनिवार पञ्चम आयुर्वेद क्लिनिकको सातौ वर्ष शुभारम्भको सुअवसरमा***
यस क्लिनिकमा दक्ष अनुभवी चिकित्सकबाट नाक, पिनास, माइग्रेन तथा नाकको एलर्जीको निशुल्क स्वास्थ्य परिक्षण तथा उपचार शिविर हुने भएकोले सम्बन्धित बिरामीहरुले सम्पर्क राखी स्वास्थ्य लाभ लिनु होला।

**चिसो, धुँवाका कारण पिनास तथा नाकको समस्या एलर्जी बढ्न सक्छ।**

पिनास, माइग्रेन तथा नाकको एलर्जीका लक्षणहरु
१ रुघा लागिरहने, हाच्छ्यू आइरहने
२)नाक बन्द हुने, नाकमा मासु बढेको, गन्ध थाहा नपाउने
३) आधा वा पुरा टाउको दुख्ने, वाक वाक लाग्ने। ४) दम बढ्ने, खोकी लागिरहने
५) घाँटी दुख्ने, टन्सिल भैरहने, स्याँ स्याँ हुने। ६) नाकबाट गन्ध नआउने, स्याँ स्याँ हुने।
७) नाक, आँखा चिलाउने, नाक बाङ्गो भएको।

जस्ता लक्षणहरु हुन सक्छन् यस्ता समस्या भएमा सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला। **बिहान ८ बजेबाट बेलुका ५ बजेसम्म।** फोनबाट पनि नाम दर्ता गराउन सकिने छ। सिमित विरामीहरुमात्र परिक्षण तथा उपचार गरिने भएकोले अग्रिम टोकन लिनुहोला।

**पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा १० इन्द्रचोक, पोखरा रंगशाला नजिकै
फोन न ०६१-४३२२४२, ९८४६०६८८०६, ९८६६४१५३८०

## पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि.पोखरा स्टेसनरी सामानको दरभाउको गोप्य बोलपत्र प्रस्ताव पेश गर्ने बारे सूचना

उपरोक्त विषयमा यस पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि. मा आवश्यक पर्ने स्टेसनरी सामान न्यूनतम के कति मुल्यमा सप्लाई गर्न सकिन्छ सो विवरण खुलाई **मिति २०७६ मंसिर १२ गते** कार्यालय समय ४:०० बजे भित्र रु १० को रसिद काटी यस कम्पनीमा लिखित गोप्य बोलपत्र पेश गर्नुहुन इच्छुक सप्लायर्सहरुलाई आह्वान गरिन्छ। सप्लाई गर्नुपर्ने सामानहरुको विवरण प्रा.लि.को प्रधान कार्यालय पोखरा-८, जिरो कि.मि. बाट लिन सकिने छ। प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनीमा निहित रहने छ। रित नपुगी आएको बोलपत्र प्रति कुनै कारवाहि गरिने छैन। प्राप्त बोलपत्रहरु **मिति २०७६ मंसिर १३ गते शुक्रबार दिनको ११ बजे** यस कम्पनीको प्रधान कार्यालयमा सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ। स्वीकृत भएको बोलपत्रदाताले निर्दिष्ट समयमा सम्झौता गरी कामको जिम्मा लिनुपर्ने छ। यदि निजले सामान सप्लाई गर्न असमर्थ भएमा अर्को बोलपत्रदातालाई सप्लाईको लागि सम्झौता गरिने छ वा नयाँ बोलपत्र आह्वान गर्न सकिने छ।

**सम्पर्कको लागि कार्यालयको फोन:**
**०६१५२०२६५, ०६१५२३२६८, ९८५६०२७५५८(प्रबन्ध संचालक)**

## वर्गीकृत विज्ञापन डिस्प्ले

### तु-चाहियो
नगरपालिकास्थित फ्रान्सेली विजनेश Project को लागि थप कर्मचारी आवश्यकता।
साधारण: ५ जना
एस.एल.सी: +३ जना
+2 above: ५ जना
तलब: १५,०००देखि १९,००० सम्म
सम्पर्क: 9805821072, 9846057770, 9825121466
नोट: पहिला आउनेलाई जब ग्यारेन्टी।
समय: ११ बजेदेखि ४:३० बजेसम्म

### नयाँ अफिसको लागि
स्वास्थ्य जनजागरण कार्यालयलाई निम्न कर्मचारी आवश्यकता।
साधारण: ५ जना
SEE- 5
+2 above-6
तलब: १४५०० देखि १९,५०० सम्म
अन्य सुविधा: दैनिक गाडी भाडा, मासिक बोनस
9825126111, 9856032351
9825153028
नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्राथमिकता।

### कर्मचारी आवश्यकता
वेरोजगार निर्वारण परियोजनालाई
साधारण- ३ जना
SEE- ४ जना
+2 above- ३ जना
तलब : १४,५००-१९५०० सम्म
अन्य सुविधा : दैनिक गाडी भाडा+मासिक बोनस
सम्पर्क : 9821325720, 9846647627, 9803519148
नोट : अर्जेन्ट परेकाले पहिला आउनेलाई विशेष प्राथमिकता

### पसल बिक्रीमा
पोखराको मासबार बराल पेट्रोल पम्प अगाडि चालु अवस्थाको **मुन एण्ड यस गिफ्ट कस्मेटिक फेन्सी पसल** विशेष कारणवश तु बिक्रीमा छ।
सम्पर्क : 9846000455, 9843712311

### जग्गा भाडामा
पोखरा चाउथे हाइवेमा ९ रोपनी जग्गा साथै जेठाबुडो धान र पसल बिक्रीमा
सीधा सम्पर्क : ९८४६१३७०१७

### फेन्सी पसल बिक्रीमा
पोखरा-१ बगर विन्ध्यवासिनीमा रहेको चालु अवस्थाको फेन्सी पसल विशेष कारणवश सुपथ मूल्यमा तुरुन्त बिक्रीमा छ।
सम्पर्क : ९८६१३४२१७९

### तु आवश्यकता
१) रिसेप्सनिष्ट लेडिज- १ जना
+२ पास १०-०६ कार्य गर्ने
२) कम्प्युटर डिजाइनर- १ जना
काम गर्ने १९ देखि ०५ बजेसम्म
तलब : १४,०००-१८,०००
३) एकाउन्टेन टिचर- १ जना
तलब : १५,००० देखि १९००० सम्म
सम्पर्क:
Opportunity Global Pvt. Ltd.
चिप्लेढुंगा-४, पोखरा
061-534063
9826156911

We Accept
fonepay
Samadhan Media Pvt. Ltd.
Merchant Code #IHXG
eSewa

### नयाँ अफिसको लागि
साधारण लेखपढ-३ जना
SEE-५ जना
+2 above- ४ जना
सम्पर्क
9829114743, 9806646755,
तलब : १४,५००-२०,००० सम्म
समय : ११ बजेदेखि ५ बजेसम्म
सुविधा: गाडीभाडा
नोट : अर्जेन्ट परेकोले पहिला आउनेलाई विशेष प्राथमिकता

### अर्जेन्ट चाहियो
कार्यालयका लागि कर्मचारी आवश्यकता
साधारण - ३ जना
SEE - ५ जना
+2 above - ५ जना
तलब: १४,००० देखि १९,५०० सम्म
अन्य: गाडिभाडा+ बोनस
सम्पर्क:
नयाँबजार 9815157802
न्यूरोड, नगरपालिका 9816622792, 9846388326
नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्रार्थमिकता।

### अर्जेन्ट चाहियो
No Interview, Direct Job
साधारण लेखपढ : 3 जना
SLC : 4 जना
+2 aboe : 6 जना
तलब : १३५०० देखि १९५०० सम्म
सुविधा : दैनिक गाडी भाडा+ मासिक बोनस
सम्पर्क : 9816139404, 9819152574
(अनुभव नभएकालाई पनि प्राथमिकता)

### तु आवश्यकता
पोखरा- १३ कुँडहर (लामोडहर) मा रहेको एक प्रतिष्ठित विद्यालयको लागि
ग्रेड शिक्षक - केहि (लेडिज)
योग्यता : +2 पास
कुक : १ जना
अनुभविले मात्र सम्पर्क गर्नुहोला
तलवः आपसि समझदारीमा
सम्पर्क : राइजिङ स्टार एकेडेमी
फोन नं. : 061-551880, 9856022488

### फार्म बिक्रीमा
अति व्यवस्थित, चालु अवस्थामा रहेको गाईभैंसी फार्म विशेष कारणबस बिक्रीमा छ।
सम्पर्क:
पोखरा-३०, ढुंगेपाटन
98151-21055, 98430-04543

### खाजा घर/किराना पसल बिक्रीमा
पोखरा ७ जिएमसि कलेज अगाडि रहेको चालु अवस्थाको खाजा घर बिक्रीमा
सम्पर्क : 9806622326, 9842265404
पोखरा ७ माछापुच्छ्रे टोलमा रहेको चालु अवस्थाको किराना पसल बिक्रीमा छ।
सम्पर्क : 9841968304, 9827158555

### रेष्टुरेन्ट बिक्रीमा
पोखरा सभागृहचोक शिवालयमार्ग स्थित अत्यन्त चालु अवस्थामा रहेको **रेष्टुरेन्ट** विशेष कारणबस तु-बिक्रीमा छ।
सम्पर्क: 98251-66210, 98460-14370

### Vacancy Announcement

| S. No. | Post | Level | Qualification |
|---|---|---|---|
| 1 | Nepali Teacher | Primary | B.Ed or Equivalent |

Responsible & Hardworking ones may contact soon at:
Navadeep English Boarding School
Shivachowk, Pokhara-10
Ph: 061-432721, 9856033788

### अफिसको लागि
संख्या : केही
योग्यता : Test, SEE, +2above
तलब : १४५००-१९५०० सम्म
समय : ११ देखि ५ बजेसम्म
सम्पर्क : 9816118765, 9806544029
नोट : केही साधारण लेखपढलाई पनि अवसर

### बाईक बिक्रीमा
निलो कलरको २२० सिसि को १६ लटको पल्सर बाइक बिक्रीमा।
सम्पर्क: ९८१९१२०३४०, ९८१९१२९६६२

### रेष्टुरेन्ट बिक्रीमा
लेकसाइडको 16street मा रहेको अत्यन्त चालु अवस्थाको रेष्टुरेन्ट बिशेष कारणवस तु बिक्रीमा छ।
सम्पर्क 9821299167, 9846023306

### मार्केटिङ आवश्यकता
रंग पसलका लागि
पद : मार्केटिङ
संख्या : २ जना (पुरुष)
मोटरसाइकलको लाइसेन्स अनिवार्य
तलब : आकर्षक कमिसन वेशमा
सम्पर्क : ९८५६०२२९३९
वि.डी. कलर हाउस
कुँडहरचोक, अमरसिंह

### Rental Space For Rent
Prime Rental Space for rent on the main road of Lake Side near Barahi Chowk. The space is around 600 square feet and fully finished. This place is suitable for shop and showroom and Trekking office.
**Please call 98560-41134 or 461466 for more details and to view.**

### रेष्टुरेन्ट बिक्रीमा
पोखराको न्यूरोड, पूर्णिमा सिनेमा हलको आयोजित पोखरा इडमल जाने बाटोमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट बिदेश जानु परेकोले तु-बिक्रीमा छ।
सम्पर्क: ९८६०७४७६६१, ९८२५१६९९२७, ०६१-५३८१५१

### संजय चाबी घर
सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला। होम सर्भिसको पनि व्यवस्था छ।
सम्पर्क : 9846042291, 9846361602, 061-521532
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ।

### घर जग्गा बिक्रीमा
पोखरा वडा नं.-२, भैरबटोल चोकबाट अर्चलबोट हुँदै गुह्येश्वरी मार्गको पिच बाटो पश्चिम मोहडा भएको ११×४० को ४ कोठा, २ ट्वाइलेट भएको घर, घडेरी तुरुन्तै बिक्रीमा छ।
सम्पर्क: ९८५६०२५६६८, ९८२४११३८८२

# देश बनाउन गएकाले परिवार बनाए : मिश्र



पोखरा, ४ मंसिर (समाधान)- साझा पार्टीका केन्द्रीय संयोजक रवीन्द्र मिश्रले पुराना दलका कारण असल राजनीतिज्ञले देश विकास गर्लान् भन्ने जनताको विश्वास टुटेको आरोप लगाएका छन् । उनले गएको ३० वर्षदेखि चुनाव जितेर गएकाले आफू र आफ्नो परिवार बनाएको दाबी गरे । मिश्रले भने, 'जनतालाई जहाँको त्यहीँ छाडे । अब ती नेता र दलहरुले देश परिवर्तन गर्लान् भन्ने जनतामा विश्वास छैन ।'

साझा पार्टीले बुधबार पोखरा १५ मा गरेको उपनिर्वाचन लक्षित घरदैलोमा उनले यस्तो बताएका हुन् । साझाकी उम्मेदवार रजनी केसीसहितको टोलीले पोखरा १५ को ट्याक्सी चोक र शिव मन्दिर चोकमा चुनावी कोणसभा आयोजना गर्‍यो । केसीले जनताले आफू र पार्टीप्रति गरेको विश्वासमाथि कहिल्यै कुठाराघात नगर्ने प्रतिबद्धता जनाइन् । उनले भनिन्, 'घरदैलो कार्यक्रम लिएर कास्की २ का विभिन्न वडामा पुग्दा मतदाताले निकै उत्साह थप्नुभएको छ ।'

केसीले साझा पार्टी भ्रष्टाचार विरुद्ध बोल्दै देश विकास र राष्ट्र हाँक्ने नेतृत्व लिन चुनावी मैदानमा होमिएको दाबी गरिन् । उनले थपिन्, 'योग्यता र क्षमता भएकाले भन्दा पार्टीका कार्यकताले प्राथमिकता पाउन थाले । योग्यता भएकाहरु देशमा बस्न सक्ने अवस्था भएन ।' बिहीबार पोखरा १७ मा घरदैलो गरिने पार्टीका कास्की जिल्ला संयोजक अर्जुनप्रसाद खनालले जानकारी दिए ।

# एनप्याब्सान कास्कीमा हेमन्त




**समाधान संवाददाता**
पोखरा, ४ मंसिर

नेसनल प्याब्सान कास्कीको सातौं अधिवेशनले हेमन्त अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चुनेको छ । बुधबार भएको अधिवेशनले आगामी ३ वर्षका कार्यकालका लागि अधिकारीसहित १३ सदस्यीय कार्यसमिति निर्वाचित गरेको हो ।

संस्थाको प्रथम उपाध्यक्ष शिवदत्त तिवारी, द्वितीय उपाध्यक्ष केशवशरण पौडेल, सचिव मनकाजी गुरुङ, सहसचिव प्रेमराज अधिकारी, कोषाध्यक्ष रत्नाकुमारी गुरुङ र सहकोषाध्यक्ष राजु केसी छन् । सदस्यमा शिवराज पौडेल, विष्णुप्रसाद पौडेल, अर्जुनप्रसाद अधिकारी, राजु कायस्थ, सञ्जय पौडेल र रमेशराज पौडेल निर्वाचित भएका छन् । कार्यसमिति निर्विरोध भएको निर्वाचन समिति संयोजक ज्ञानेन्द्रमोहन भट्टराईले बताए ।

नेसनल प्याब्सान राष्ट्रिय अध्यक्ष ऋतुराज सापकोटाले जस्तासुकै जटिलता आए पनि विचलित नभई संस्था चलाउन आग्रह गरेका छन् । 'निजी विद्यालयलाई नेपाल सरकारले तिरस्कृत गरेको छ, जसले गर्दा शिक्षण क्षेत्रमा लगानी गरेका व्यक्ति विचलित भएको भान भएको छ,' अध्यक्ष सापकोटाले भने, 'काम गर्दा समस्या आउँछन् कत्ति पनि विचलित नहुनुहोस् ।'

एनप्याब्सान कास्कीको सातौं अधिवेशन उद्घाटनपछि उनले निजी विद्यालयलाई तुरुन्त खारेज गर्न नेपाल सरकारले नसक्ने बताए । 'निजी विद्यालय बन्द गरे अभिभावक नै सकडमा उत्रिन्छन्', उनले भने । सरकारले ल्याएको सामाजिक सुरक्षा कोषमा निजी विद्यालयको कुनै विरोध नरहेको तर विद्यालयले थेग्ने किसिमले ल्याउनुपर्ने उनको भनाइ थियो ।

एनप्याब्सानका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश अध्यक्ष याम खड्काले निजी विद्यालयलाई नेपाल सरकारले सौताने व्यवहार गरेको आरोप लगाए । शैक्षिक क्षेत्रमा गुणस्तर वृद्धि गर्न निजी विद्यालयको भूमिका महत्वपूर्ण रहेकाले यसलाई नजर अन्दाज नगर्न उनले आग्रह गरे ।

नेसनल प्याब्सानका राष्ट्रिय महासचिव सुभाष न्यौपानेले सामुदायिक विद्यालयको बाधक निजी विद्यालय भन्ने नेपाल सरकारको सोचाइ नै गलत भएको दाबी गरे । शिक्षा विकास तथा समन्वय इकाइ पोखरा प्रमुख नारायण सुवेदीले निजी विद्यालयको शिक्षा क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । सबैको एउटै उद्देश्य शिक्षाको गुणस्तर वृद्धि गर्नु नै रहेकाले निजी क्षेत्रलाई नजरअन्दाज गर्न नहुने उनको भनाइ थियो ।

कार्यक्रममा लामो समयसम्म शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गरेकोमा एनप्याब्सान कास्की सदस्य विद्यालयलाई सम्मान गरिएको थियो । सम्मानित हुने विद्यालयमा हेमजा बोर्डिङ स्कुल, त्रिवेणी पब्लिक मावि, पायोनियर इङ्लिस एकेडेमी, ज्ञानज्योति विद्याकुञ्ज मावि, दि विज्डम कास्की, सनराइज प्रिपारेटोरी बोर्डिङ स्कुल र ज्ञान ज्योति बोर्डिङ स्कुल छन् ।

सभामा नेसनल प्याब्सान कास्की सचिव मनकाजी गुरुङ, कोषाध्यक्ष रत्ना गुरुङ र लेखा समिति संयोजक रमेशराज पौडेलले आआफ्नो प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा पूर्व क्षेत्रीय शिक्षा निर्देशक योगेन्द्र बस्नेत, नेसनल प्याब्सान कास्की पूर्व अध्यक्ष बालगोपाल अमात्य, हिसान कास्की अध्यक्ष डा. रामजी शर्मा, पुस्तक व्यवसायी महासंघ केन्द्रीय उपाध्यक्ष ऋषिराम शर्मा, प्याब्सन कास्कीका अध्यक्ष प्रेमप्रसाद शर्मा सुवेदी, युनिप्स अध्यक्ष सन्त गुरुङ, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बलराम ढकाल, पोखरा उद्योग वाणिज्य संघकी उपाध्यक्ष बिन्दु कोइराला, प्याबिसयु गण्डकी प्रदेश सचिव मीलन तिमिल्सिनाले बोलेका थिए ।

नेसनल प्याब्सान कास्की अध्यक्ष रामबहादुर मोचीको अध्यक्षतामा भएको कार्यक्रममा द्वितीय उपाध्यक्ष केशवशरण पौडेलले स्वागत र सहसचिव प्रेमराज अधिकारीले सञ्चालन गरेका थिए । एनप्याब्सान कास्कीमा ४६ विद्यालय आबद्ध छन् ।



**अन्तर्राष्ट्रिय बाल दिवसको अवसरमा शुक्लागण्डकी १२ फिरफिरेमा बालबालिकालाई योग सिकाइँदै।**
*तस्बिर: राजन उपाध्याय/समाधान*

# राप्रपाको चुनावी अभियान जारी

**समाधान संवाददाता**
पोखरा, ४ मंसिर



राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीले घरदैलो अभियानलाई तीव्र बनाएको छ । कास्की क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य पदको उपनिर्वाचनको तिथि नजिकिन थालेपछि राप्रपा कास्कीले चुनावी प्रचारप्रसार अभियानलाई तीव्रता दिएको हो ।

उम्मेदवार रोमबहादुर भण्डारीसहित नेता तथा कार्यकर्ता बिहानैदेखि घरदैलोमा जुटिरहेका छन् । बुधबार पोखरा वडा नम्बर १७ को घरदैलो कार्यक्रममा राप्रपा उम्मेदवार भण्डारीले सनातन हिन्दु राष्ट्र, संवैधानिक राजसंस्था राप्रपाको मुटु भएको बताउँदै सकारात्मक परिवर्तनका लागि राप्रपालाई मत दिन आग्रह गरे । घरदैलो कार्यक्रममा प्रदेशका अध्यक्ष हेमजंग गुरुङ, पार्टीका उपाध्यक्ष तोरणबहादुर गुरुङ, सहायक महामन्त्री मदनबहादुर कार्की, केन्द्रीय सदस्य डा.भीमसेन गुरुङ, जयलाल पुन, कुलबहादुर गुरुङ कुलु, शिवप्रसाद चालिसे सहभागी छन् । यसैगरी वरुणविक्रम राणा, सीता खड्का, जिल्ला अध्यक्ष महेन्द्र कार्की, जिल्लाका पदाधिकारी, प्रदेशका नेता तथा कार्यकर्ता सम्मिलित टोलीले उक्त क्षेत्रमा घरदैलो अभियान सम्पन्न गरेको छ ।

बुधबार भजनकीर्तन सहितको घरदैलो कार्यक्रम बिरौटा, घारीपाटन, हनुमानटोल, छोरेपाटन लगायतका टोल टोलमा पुगेको थियो । बिहीबार पोखरा वडा नम्बर ११ को विभिन्न भागका घरदैलो तथा चुनावी कोणसभा हुने निर्वाचन समिति संयोजक तथा केन्द्रीय सदस्य जयलाल पुनले बताए ।

# मर्डक युनिभर्सिटीको सेमिनार

पोखरा, ४ मंसिर (समाधान)- एआइपी तथा क्वान्टम लिप प्रालि पोखराको सहकार्यमा वेस्टर्न अस्ट्रेलियाको पर्थस्थित मर्डक युनिभर्सिटीको सेमिनार भएको छ । सेमिनारमा युनिभर्सिटीका बिजनेस डिभेलपमन्ट म्यानेजर तथा दक्षिण एसिया प्रतिनिधि अर्जुन सिङले विश्वविद्यालयका शैक्षिक कार्यक्रममाथि प्रकाश पारेका थिए ।

१ सय विद्यार्थी सहभागी रहेको कार्यक्रममा एआइपीका प्रमुख कार्यकारी निर्देशक सुजन थापाले सहजीकरण गरेका थिए । सेमिनारमा बैकिङ पार्टनरको रुपमा सानिमा बैंकले शैक्षिक कर्जाबारे जानकारी दिएको थियो भने अंग्रेजी भाषा शिक्षाको जानकारी क्वान्टम लिपका शैक्षिक निर्देशक शशीधर बरालले दिएका थिए ।

# चुनावमा ट्रेड युनियन कांग्रेस परिचालन

पोखरा, ४ मंसिर (समाधान) - नेपाली कांग्रेसका तर्फबाट कास्की क्षेत्र नं २ का उम्मेदवार खेमराज पौडेललाई विजय गराउन श्रमिक परिचालन गर्ने भएको छ । नेपाल ट्रेड युनियन कांग्रेस परिचालन समिति मूल समारोह समिति चयन गरिएको जिल्ला अध्यक्ष विजयराज भण्डारीले जानकारी दिए । मुरारी शर्मा संयोजक रहेको समितिमा सहसंयोजक जितबहादुर गुरुङ छन् ।

सदस्यमा विजयराज भण्डारी, कुलदेवी बराल, केशवराज भट्टराई, वडा नं ४ संयोजक डिल्लीराम भट्टराई, ७ मा संयोजक विश्वेश्वर पराजुली, ८ मा संयोजक लालिमाया रेग्मी, पोखरा ९ संयोजकमा शिवराज थपलिया, ११ मा संयोजक नवराज भण्डारी, १५ मा संयोजक किरण अधिकारी, १६ मा संयोजक विक्रम केसी छन् ।

ट्रेड युनियन कांग्रेसले पोखरा १७ मा कमलबहादुर सापकोटालाई संयोजक चयन गरेको छ । पोखरा २० मा मोहन राना, २१ मा टंक भण्डारी, ३३ मा हरिराम पौडेल संयोजक चयन भएका छन् ।

आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरून् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म मिति:
वि.सं. १९७९/०४/०२

स्वर्गारोहण मिति:
वि.सं. २०७६/०७/२३



स्व. अम्बरबहादुर खाँण

प्रात: स्मरणीय अग्रज मार्गदर्शक एवं कम्युनिष्ट पार्टीका संस्थापक महासचिव क. पुष्पलाल श्रेष्ठलाई सेल्टर दिई तत्कालीन अवस्थामा वाममन्थीहरुलाई गोलबन्द गरी प्रशिक्षित गर्ने हाम्रा अभिभावक, श्रीमती लालकुमारी खाँणका पति, क. भगवान खाँण, भोजबहादुर खाँण, महेन्द्र खाँण, नारायण खाँणका पिता **क. अम्मरबहादुर खाँण**को ८८ वर्षको उमेरमा देहावसन भएकोले हामी स्तब्ध भएका छौं ।
यस क्षेत्रकै एक सच्चा अभिभावक गुमाउनु परेको यस घडीमा उहाँको निधनप्रति गहिरो दुख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी समवेदना प्रकट गर्दछौं ।

शारदा प्रसाद सुवेदी (केन्द्रीय सदस्य नेकपा)
परशुराम बराल
रूद्रनाथ बराल
लिलाधर बराल
कृष्ण के.सी.
ध्रुबराज पौडेल
राजकुमार गिरी
सोमनाथ बराल
दान बहादुर गुरुङ
अर्जुन श्रेष्ठ
विष्णु अल्पविराम
गौतम अमात्य
सूर्य प्रसाद मर्सानी
नन्द लाल बराल
राम प्रसाद गुरुङ
शोभाकान्त न्यौपाने
मीन प्रसाद भट्टराई
राजेश कुँवर
हिराकाजी श्रेष्ठ
लक्ष्मी सुवेदी
ईश्वर प्रसाद सुवेदी

हार्दिक श्रद्धाञ्जली

जन्म मिति:
वि.सं. २०३६/०८/०१

स्वर्गारोहण मिति:
वि.सं. २०७६/०६/१६



स्व. सीमा गुरुङ

हाम्रा प्रातः स्मरणीय छोरी, भदिनी, बहिनी, दिदी, फुपू, श्रीमती, बुहारी, आमा, **सीमा गुरुङ**को असामयिक निधन भएकोले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज ४९ औं दिन अर्घौं (पितृकार्य) को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था तथा शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**बुबा/आमा**
विनबहादुर/तौद गुरुङ
**फुपू**
छ्याविरी गुरुङ
**दाजु/भाउजू**
केशबहादुर/विष्णुमाया गुरुङ
**भाइ**
आकाश गुरुङ
**भदा भदिनी**
युकेन गुरुङ
करुणा गुरुङ
कञ्चन गुरुङ
**श्रीमान् लेखबहादुर गुरुङ**
**सासु** :
गोविन्दा गुरुङ
**छोरी** :
सनिला गुरुङ

तथा
**समस्त पाखुरीकोट गुरुङ समाज**
**पोखरा परिवार**

हार्दिक समवेदना

जन्म मिति:
वि.सं. १९९०/०८/०८

स्वर्गारोहण मिति:
वि.सं. २०७६/०७/२३



स्व. ज्ञानबहादुर महत

यस क्लबका सदस्य परशुराम महतका प्रातः स्मरणीय पिता **ज्ञानबहादुर महत**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

लायन कृष्णप्रसाद तिमिल्सिना
लायन जितेन्द्रमान शाक्य
लायन सरोज श्रेष्ठ
लायन तेजनारायण पराजुली
लायन ज्ञानेन्द्र बहादुर पौडेल
लायन चन्द्रबहादुर कुँवर
लायन राजु अधिकारी
लायन दिलीपराज सुवेदी
लायन कविराज पौडेल
लायन गुणाखर सुवेदी
लायन ज्ञानेन्द्रराज कोइराला
लायन रोशन महर्जन
लायन जगन तिमिल्सिना
लायन भरत मानन्धर
लायन पुरुषोत्तम पहारी
लायन रामेश्वर बराल
लायन केशव बराल
लायन निर्मल पहारी
लायन अनिल शाक्य
लायन रामबहादुर कार्की (अशोक)
लायन उज्वल रञ्जित
लायन हरिकृष्ण पहारी
लायन डा. चिरायु नारायण भारी
लायन धर्मसिंह लामिछाने
लायन युवराज लामिछाने
लायन प्रकाश बज्राचार्य
लायन धर्मराज खड्का
लायन पूर्णभद्र खड्का
लायन दामोदर गिरी
लायन यामबहादुर क्षेत्री (बाबुराम)
लायन सूर्यबहादुर क्षेत्री
लायन राम थापा
लायन अभिषेक कोइराला
लायन सुरेशकुमार श्रेष्ठ
लायन विकल पराजुली
लायन कर्ण दास
लायन अनन्त आचार्य
लायन गणेशराज पहारी
लायन भरतराज अधिकारी
लायन सन्तोष विजुक्छे
लायन दिपक गुरुङ (अल्फा)
लायन किसनमान बुद्धाचार्य
लायन राजन गोंगजु
लायन सुमन विजुक्छे
लायन असुन गुरुङ
लायन ठाकुर कुमार गुरुङ
लायन दिपक गुरुङ (कादुरी)
लायन डा. निरज रञ्जित
लायन विनोद भण्डारी
लायन सुनील विक्रम खाँड
लायन तिलकुमार गुरुङ
लायन राजेश पौडेल
लायन रश्वेन्द्र अधिकारी
लायन पूर्णभद्र अधिकारी
लायन रुद्रप्रसाद तिमिल्सिना
लायन उपकार रञ्जीत

एवं
**लायन्स क्लब अफ मुनाल परिवार**

## सम्पादकीय

# मेडिकल कलेजको बेथिति

सरकारले तोकेभन्दा बढी शुल्क लिएको विरुद्ध मेडिकल कलेजविरुद्ध विद्यार्थी आन्दोलनमा छन् । विद्यार्थी पढाइ र परीक्षाभन्दा बढी आन्दोलनमा छन् । चिकित्साशास्त्र जस्तो संवेदनशील क्षेत्रमा बेथिति हुन थालेको वर्षौं भइसक्यो र यो समस्या निराकरण गर्न तथा टुंगो लगाउन सरकार पूर्णत: असफल देखिएको छ । आफ्नै निर्देशन पालना नगर्ने मेडिकल कलेजहरुलाई कारबाही गर्न नसक्नुलाई सरकारको अकर्मण्यता र असफलतामात्रै होइन । यसले त मेडिकल सञ्चालकभन्दा सरकार कमजोर रहेको पुष्टि गरेको छ । यो मुलुकमा राज्यलाई चुनौती दिनसक्ने र उसलाई अटेर गर्दै समानान्तर सरकार बन्न सक्ने क्षमता मेडिकल कलेज सञ्चालकमा रहेको पुष्टि हुन्छ । यो राष्ट्रिय लज्जाको विषय हो । विद्यार्थीले अरु केही मागेका होइनन्, सरकारले भनेकै नियमानुसारको शुल्क लागु होस् मात्रै भनेका हुन् । सरकारी नियम लागु होस् भनेर विद्यार्थी चिच्याउनुपर्ने कि सरकार आफैं तात्नुपर्ने ?

> **समाजवादमा शिक्षा र स्वास्थ्य राज्यको दायित्व मानिन्छ। समाजवादको बटमलाइनको कुरा यही हो। तर दुर्भाग्य यो मुलुकको सार्वजनिक शिक्षा बर्बाद छ। ध्वस्त छ।**

मुलुकमा कम्युनिस्टको दुईतिहाईको सरकार छ । जसको नारा छ समाजवाद । नारामात्रै होइन, लक्ष्य पनि समाजवाद र उद्देश्य पनि समाजवाद । उसकै जोडबलमा संविधानमै समाजवाद निर्माणको लक्ष्य उल्लिखित छ। समाजवादमा शिक्षा र स्वास्थ्य राज्यको दायित्व मानिन्छ । समाजवादको बटमलाइनको कुरा यही हो । तर दुर्भाग्य यो मुलुकको सार्वजनिक शिक्षा बर्बाद छ। ध्वस्त छ। राजनीतिले सबैभन्दा बिगारेको नै सामुदायिक विद्यालयको शिक्षा छ । सरकारी अस्पताल छ। सबैभन्दा विकसित देशहरुमा मेडिकल कलेजहरु राज्इले चलाइरहेको छ । ती पुँजीवादी मुलुक हुन् । तर कम्युनिस्ट सरकार भने मेडिकल शिक्षाको तालाचापी निजी क्षेत्रलाई सुम्पन उद्यत छ । अझै गरिब र निमुखा जनताले रगत पसिना बगाएर कमाएको सम्पति हाकाहाकी लुट्ने छुट दिइरहेको छ ।

कतिपय मेडिकल कलेजमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको छ । त्यो कारबाहीको संकेत हो। पोखराको गण्डकी मेडिकल कलेजमा भने विद्यार्थी फेरि फेरि आन्दोलित भइरहँदा समस्या समाधानको कुनै छेकछन्द छैन । कि सरकारले भन्दिनु पर्‍यो, विद्यार्थीको होइन मेडिकल सञ्चालकको पक्षमा छ सरकार। गरिब जनताको पक्षमा होइन धनीमानीहरुको पक्षमा छ सरकार। विद्यार्थी शोषित हुन बाध्य बनून्, मालिकहरुलाई शोषण गर्ने छुट छ भन्दिनु पर्‍यो । त्यत्ति भन्दिए ब्यर्थैको आशा विद्यार्थीले राख्दैनथे । र सके तिर्थे नसके पढ्न छाड्थे । तर शिक्षा मन्त्री जहिल्यै निर्देशनमात्रै दिइरहने र बढी शुल्क फिर्ता गराउन नसक्ने हो भने यो मुलुकमा न्याय मरेको घोषणा गरिदिए हुन्छ ।

# सीमा रक्षा: महाअभियान



**गोविन्द पोखरेल**

**त्रिदेशीय सीमा क्षेत्रमा एउटा देशलाई थाहा नै नदिई २ देश मिलेर सम्झौता गर्नु भनेको अन्तर्राष्ट्रिय कानून, प्रचलन र नियमको उल्लंघन गर्नु हो**

अति विकट मानिएको लिम्पिया धुरा अर्थात् कालापानी नेपालको भूमि यसपाली भारतको नक्सामा परेछ । भूगोल (जमिन) भने भारतले २०१८ सालमा नै आफ्नो उपभोगमा लगिसकेको थियो । २०१७ सालको राजनीतिक काण्ड पछि राजा महेन्द्रले लिपुलेकको भेग जानेर वा नजानेर भारतलाई सुम्पिएको देखिन्छ । सामरिक महत्व बोकेको गर्ब्याङ, नाभी, गुन्जी लगायतका क्षेत्रमा भारतले आँखा गाड्नु स्वभाविक थियो । २०१८ सालमा बडो सहज ढंगले उसले आफ्नो उपभोगका लागि उक्त जमिन लग्यो । यो भूमि नेपालको हो । यसमा विवाद छैन । तर, २०१८ सालदेखि अहिलेसम्म यो भूमि फिर्ता गर्नका लागि विशिष्ट प्रकारको पहल भने भएन । जसले गर्दा भारतीयले अहिले आएर आफूले प्रयोग गर्दै आएको भूमि आफ्नै नक्सामा समेटे ।

यस बारेमा अहिले गम्भीर रुपमा बहसको उठान भएको छ । सरकारले समेत अपहरित उक्त जमिन फिर्ताका लागि उच्च स्तरको कुटनीतिक र राजनीतिक पहल गर्ने सर्वपक्षीय बैठकमा जानकारी गराएको छ । वास्तवमा नेपाली जनमानस भावनामा बहकिने खालको छ । यदि भावनामा नबगी, यथार्थलाई नछोडी जमिन फिर्ताको पहल गर्ने हो भने भारतले नाइनास्ती गर्न सक्ने ठाउँ छैन । स्वर्गीय नेता प्रेमसिंह धामीले ' काठमाडौंलाई कालापानी दुख्दैन' लेखेपछि बुरुक्क उफ्रिने नेपाली अहिले पनि उफ्रिदै छन् । तर केही दिन पछि भुसुक्कै बिर्सिन्छन् । २०१८ सालमा छैटौं राष्ट्रिय जनगणनामा त्यस भेगको गणक टोलीको नेतृत्व गर्नु हुने वरिष्ट पत्रकार भैरव रिसालले लेखेपछि 'लौन केही गरौं' भन्ने 'राष्ट्रवादी' विद्वान पनि बडो ननिको गरी निदाउँछन् । जब केही कुरा सञ्चारमाध्यममा आउँछन् तब हामी बेतोडसंग त्यसकै पछि दौड्न्छौं ।

कालापानी, लिपुलेक, गर्ब्याङ, नाभी, गुन्जी लगायतको हाम्रो भूभाग ५८ वर्षदेखि भारतले आफ्नो कब्जामा लिएर ब्यारेक निर्माण गर्दै सेना समेत राखेको धेरैलाई थाहा छ । तर, हामी त्यस बारेमा कसैले सिस्नो पानी लगाएपछि मात्र ब्यूझने गरेका छौं । यो नै नेपाली बिडम्वना हो । होइन भने त्यहाँबाट भारतीय सेना फिर्ताका लागि अर्थात् हाम्रो भूभाग भन्दा पर लानका लागि कुटनीतिक पहल गर्न हामीले किन सरकारलाई दवाव दिन सकेनौं ? सीमाविद्ले बारम्वार लेखेका छन्, मेचीदेखि महाकालीसम्म कहाँ के भएको छ भनिरहेका छन् । तर, हामी कुटनीतिक पहल गर्ने र आफ्नो सीमा सुरक्षित राख्ने सवालमा पहिल्यैदेखि कमजोर देखिएका छौं ।

धेरै कुरा फेरबदल गर्न मिल्छ, छिमेकी बदल्न मिल्दैन । भारतसँग मिलेरै हामीले समस्या समाधान गर्नु पर्छ । कतै उत्तेजना, कतै आवेश र कतै निराशाको अवस्था हामीले भोगी सकेकाछौं । चाहे विद्यार्थीको कालापानी बचाउको आन्दोलन होस्, वा महाकालीको झगडा किन नहोस् अन्तिममा हामी निचोरिएको कागती बन्न बाध्य भएका छौं । विगतका घटनालाई केलाउँदा हामीमा आवेश मात्र छ । समस्या समाधान खातिर लागिरहने लगनशीलता र चतुर्‍याईं छैन । भारतले नेपालमाथि सधैं नै परचक्री नजर राख्दै आएको छ । भारतले हामीलाई हेपेको छ, उसले हामीलाई आपत परेका बेला सहमानुभुतिको बदला नाकाबन्दी लगाएर अरु यातना दिएको पनि सबैलाई थाहा छ । तर, हाम्रो कुटनीतिक प्रयासले निरन्तरता पाउन सकेन । समस्या समाधानका लागि उच्च स्तरको छलफल हुन सकेन । जे हुनुपर्थ्यो २०१८ साल यता त्यो हुन सकेन ।

२०४६ सालको जनआन्दोलन पछि भारतसँग निक्कै सुमधुर सम्बन्ध कायम भएको थियो । त्यसबेला कुटनीतिक पहल गरेको भए सायद भारतले आफ्नो सेनाको ब्यारेक हाम्रो लिपुलेकबाट हटाउने थियो । हाम्रो कुटनीतिक पहल कमजोर रह्यो । ब्यारेक हट्न सकेन । त्यसपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बखत पनि सबै दलका नेता मिलेर कुरा राख्न सकेको भए केही नतिजा आउन सक्थ्यो । त्यो पहल पनि भएन ।

अहिले लिपुलेकका बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीको पहलमा विज्ञहरु सहित सर्वदलीय छलफल भएको छ । यो साह्रै राम्रो थालनी मान्नु पर्छ । राष्ट्रियताको सवालमा राष्ट्रिय सहमति खोजिएको र एउटै धारणा बनेको सायद नेपालका हकमा पहिलो घटना नै होला । जे होस् राष्ट्रियताको सवालमा यो एकताको सन्देशले निकै महत्वपूर्ण काम गर्छ । तर, कुटनीतिक पहलको बाटोमा निरन्तर हिड्न भने सक्नु पर्छ ।

हामीले २०४६ सालपछि विभिन्न समयमा सीमाना मिचिएको विषयलाई लिएर आन्दोलन गरेका छौं । महाकाली मेची थर्काएका छौं र सुस्ता चर्काएका छौं । ती आन्दोलनले हामीमा निश्चित रुपले उर्जा थपेको छ । तर, भारतीय नेताको पुत्ला दहन गर्दैमा र काठमाडौंमा खुकुरी नचाउँदैमा हाम्रो समस्या भारतले समाधान गर्दैन भन्ने पनि हामीले बुझेका छौं । अब प्रश्न उठ्छ लिपुलेकबाट भारतीय सेना हटाउनका लागि के गर्ने ? कुटनीतिक पहल बाहेक नेपाल सामु अरु विकल्प अहिलेलाई छैन । यदि सकिन्छ भने भारतीय प्रधानमन्त्रीलाई पुन: नेपाल भ्रमण गराउने वा नेपाली प्रधानमन्त्रीले भारतको भ्रमण गर्ने र सीमा विवादलाई छलफलद्वारा समाधानको मुख्य विषय बनाउने हो भने यो मुद्दा सुल्झन सक्छ । अन्यथा हेपाहा सँधियार भारतले जरो किलो गाढेको ठाउँबाट आफ्नो सेना फर्काउला भन्ने कल्पना मात्र गर्न सकिन्छ ।

लिम्पियाधुरा नाघेर भारतीय सेना लिपुलेक क्षेत्रमा अड्डा जमाएर बसेको छ । यो हाम्रो भुभाग हो । प्रत्येक नेपाली नागरिकलाई आफ्नो माटो प्राण भन्दा प्यारो छ । आफ्नो सीमा रक्षा गर्न र माटो जोगाउन भारतले चीन र पाकिस्तानसँग गोर्खाली सेना प्रयोग गरिरहेको छ । यसर्थ भारतलाई थाहा छ मोटाको माया कस्तो हुन्छ भन्ने । किन कि ऊ आफू पनि कतिपय अवस्थामा पीडित छ । यसर्थ भारतले अब पनि जबरजस्ती कै बाटो नलेला भन्ने झिनो भएपनि आशा गरौं र, यो बेला भारतसँग माथिल्लो तहबाटै सम्पर्क कायम गर्ने र हाम्रो भूमिबाट भारतीय सेना फिर्ता हुने वातावरण निर्माण गर्ने तर्फ लाग्नु पर्छ ।

यही त्रिदेशीय विवादित क्षेत्रको विषयमा भारत र चीन बीच सम्झौता भएको भनिएको छ । त्रिदेशीय सीमा क्षेत्रमा एउटा देशलाई थाहा नै नदिई २ देश मिलेर सम्झौता गर्नु भनेको अन्तर्राष्ट्रिय कानून, प्रचलन र नियमको उल्लंघन गर्नु हो । भारतसंगको विवाद सल्टाएपछि चीनसँग पनि वार्ता गरेर समस्या समाधान गर्नुपर्छ । पहिलो त भारतले हालै सार्वजनिक गरेको नक्साका विषयमा नै गम्भीर छलफल गर्न जरुरी छ । दोश्रो भारतले नक्सा मात्र सच्याएर हुँदैन, नेपाली सीमाभित्रका आफ्ना सेना पनि फिर्ता लानुपर्छ । नेपाली जनताको पीडामा भारत संवेदनशील हुन सकेन भने नेपालले आफ्नो सीमा रक्षा गर्न र भूमि जोगाउन विकल्प खोज्न सक्नु पर्छ । त्यो भनेको अन्तर्राष्ट्रिय कानून, विधान, प्रचलन र मूल्य मान्यता नै हुन् । उस्तै परे हामीले भारत विरुद्ध अन्तर्राष्ट्रिय प्रचलन अनुसार मुद्दा अगाडि बढाउनु पर्ने हुनसक्छ । अहिलेसम्म कमजोर आवाजका कारण हामी दविएका छौं । यदि नेपालले पनि ठूलै आवाजमा बोल्न थालेमा भारत पनि सोच्न बाध्य हुनुपर्छ ।

नेपालमा बडो विचित्रको अवस्था निर्माण गर्ने चलन पनि मौलाएको छ। जब भारतले नेपालको भूभाग आफ्नो नक्सामा हालेर प्रकाशमा ल्यायो स्वभाविक रुपले नेपालीले त्यसको विरोध गरे । केही सञ्चारमाध्यमले नुनको सोझो गर्दै चीनले पनि नेपाली भूमि मिचेको छ त्यतातिर किन नहेरेको भनेर लेख्न भ्याए । हुन सक्छ त्यो वास्तविकता नै होला, तर कुन बेला, कुन विषय महत्वपूर्ण हुन्छ र कस्ता बेला कस्तो विषय गौंढ बन्न पुग्छ भन्ने चाहिं जान्नै पर्ने हुन्छ। मधेशी दलका नेता बोल्नु हुन्न। यो विषय उहाँहरुको हुँदा पनि होइन । यस विषयलाई लिएर उहाँहरु पनि बोली दिए हुन्थ्यो भन्ने कल्पना गर्नु पनि बेकार हो ।

अन्त्यमा भारतसँग प्रधानमन्त्री स्तरबाटै पहलकदमी लिएर सीमा विवाद सुल्झाउनु पर्छ । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली यो महाअभियानमा पनि सफल हुनुभयो भने नेपाली सीमा मिचाइको परचक्री पीडाबाट मुक्तिको महसुस गर्ने छन् र प्रधानमन्त्री ओलीको नाम नेपालको इतिहासमा स्वर्णीम अक्षरले लेखिने छ । परिसंवाद डटकम

# बल्झिरहने कालापानी



**रघु पन्त**

**सीमा क्षेत्रका बढी संवेदनशील र अत्यावश्यक ठाउँमा समेत सुरक्षा फौज राख्न नसक्नु अतिक्रमणलाई ठाउँ दिनु हो**

अंग्रेजको उपनिवेशबाट भारत स्वतन्त्र भए पनि भारतीय शासन प्रणाली छिमेकी देशका लागि अंग्रेज शासनकालकै जस्तो प्रभुत्ववादी र हेपाहा रह्यो । भारतको हेपाहा प्रवृत्तिबाट नेपाल पनि आजित रहँदै आएको छ । नेपालको स्वाधीनता, आन्तरिक राजनीति र निर्णय अधिकारमा दक्षिण छिमेकबाट खतरा देख्ने नेपाली जनमत भारतकै व्यवहारका कारण बढ्दो छ । पछिल्लो पटक भारतले जारी गरेको आफ्नो नयाँ नक्शाले उसको हेपाहा र मिचाहा प्रवृत्ति फेरि सतहमा ल्याइदिएको छ । जसको नेपाल र पाकिस्तानमा जनस्तरबाटै विरोध भइरहेको छ ।

जम्मु-कश्मीरलाई औपचारिक रूपमा टुक्र्याएपछि बनाइएको नक्शामा पाकिस्तान अधीनस्थ कश्मीरी भूभाग र गिलगिट बाल्टिस्तानलाई समेत पारेपछि पाकिस्तान सरकार र जनताले कडा विरोध गरेका छन् ।

नेपालको कालापानी लगायतका भूभाग पनि त्यो नक्शामा परेपछि नेपाली जनता विरोधमा उत्रेका छन् । नेपाल सरकारले भारतले एकपक्षीय ढङ्गबाट सार्वजनिक गरेको नक्शा अस्वीकार गर्दै ऐतिहासिक दस्तावेज र प्रमाणको आधारमा कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्नेमा भारतको ध्यानाकर्षण गराएको छ ।

**पुरानै पीडा**

सन् १९६२ मा चीनसँग भएको युद्धमा पराजित भएपछि भारतले लिम्पियाधुरा, कालापानी लगायत नेपालको भूमि मिच्न थालेको हो । आफ्नो अलोकतान्त्रिक शासन जोगाउने उपक्रममा केन्द्रित राजा महेन्द्रले भारतले नेपालको सिमाना मिचेको थाहा पाउँदा पनि ठोस कदम चालेनन् । राजा वीरेन्द्र र पञ्चले पनि कालापानी लगायतका भूमि रक्षाको लागि ठोस सक्रियता देखाएनन् । बहुसंख्यक नेपाली जनताले बहुदलीय व्यवस्था पुन:स्थापनापछि मात्र महाकाली नदी आसपासको भूभाग मिचिएको थाहा पाए । दुई देशको सीमा विवाद समाधान गर्ने प्रयास सन् १९८१ देखि शुरू भए पनि भारतको बेवास्ताका कारण विवाद टुंगिन सकेको छैन । जसका कारण यो हेपाहा व्यवहारले नेपाली मनस्थिति आहत बनिरहेको छ । कालापानी र सुस्ता क्षेत्र नेपाल-भारत सिमाना विवादको मुख्य र जटिल भूभाग हो । यी ठाउँको सीमा अतिक्रमण र त्यहाँ भारतीय पक्षबाट हुने थिचोमिचो विरुद्ध नेपाली जनताले आफ्नो आवाज मुखर पारेका छन् । २०५५ सालमा कालापानीको अतिक्रमित भूभाग विस्तार गरेर भारतले काँडेतार लगाएको विरुद्धमा नेपालको संसद र सडकमा व्यापक विरोध भएको थियो । नौ वाम समूहले सांसदलाई अपील गर्दै, प्रधानमन्त्रीलाई ज्ञापन दिंदै देशभर विरोध प्रदर्शन गरेको थियो ।

आन्दोलन चलिरहेकै समयमा तत्कालीन भारतीय राजदूत केभी राजनले '१९औं शताब्दीदेखि नै कालापानी भारततर्फ रहेको' अभिव्यक्ति दिएपछि नेपालमा व्यापक विरोध भयो । त्यसपछि 'आफ्नो कुराको गलत व्याख्या भएको' भन्दै उनले '...२ देशबीचको उक्त सिमानामा पुरानो र जटिल पृष्ठभूमि छ' भनेका थिए ।

भारतीय राजदूतले २४ जेठ २०५५ मा यसो भनेकै भोलिपल्ट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पत्रकारसँग कुरा गर्दै कागजपत्र र नक्शाका आधारमा कालापानी नेपालकै क्षेत्र भएको उल्लेख गर्दै भनेका थिए, 'मैले यो विषय भारतीय राष्ट्रपति नेपाल आउँदा पनि उठाएको थिएँ । कालापानी सिमाना सम्बन्धी विषय हो । हामी आफ्नो राष्ट्रिय एकता र सार्वभौमिकतामा कुनै सम्झौता गर्दैनौं ।'

तत्कालीन नेकपा एमालेका महासचिव माधवकुमार नेपालले २५ जेठ २०५५ मा पत्रकार सम्मेलन गरेर भनेका थिए, 'हामीलाई अहिलेसम्म प्राप्त प्रमाणहरूका आधारमा कालापानी नेपालको हो । हाम्रो पार्टीले आफ्नो मुलुकको १ इञ्च जमीन पनि कसैले अतिक्रमण गरेमा घोर विरोध गर्छ ।' उनले कालापानीमा रहेको भारतीय सैन्य शिविर समयमै हटाई विवाद नटुंग्याए नेपाल र भारतबीचको सम्बन्धमा प्रतिकूल असर पर्ने बताएका थिए ।

**नेपालको अडान**

कालापानीको विवाद चर्किंदै गएपछि प्रधानमन्त्रीको कार्यालयले ४ असार २०५५ मा राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिलाई पत्र लेख्दै कालापानी नेपालको भएको प्रष्ट उल्लेख गरेको थियो । ५ असारमा समितिलाई प्राप्त भएको सहसचिव अर्जुनमणि दीक्षित हस्ताक्षरित पत्रमा कालापानीको विषयमा निम्न बुँदा उल्लेख छन्:

१. सन् १८१६ मा तत्कालीन ब्रिटिस भारतसँग सम्पन्न सुगौली सन्धि अनुसार नेपालको पश्चिम सिमाना कालीनदी कायम भएको थियो । सन् १८५० मा सर्भे अफ इण्डियाबाट प्रकाशित नक्शामा लिपुलेक भञ्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ ।सन् १८५६ मा प्रकाशित नक्शामा पनि १८५० को नक्शा अनुसार नै सिमाना देखाइएको छ । उक्त दुवै नक्शा अनुसार कालापानी क्षेत्र नेपालको भूभागमा पर्छ ।

२. पछि सन् १८७५ मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्शामा कालीनदी छाडी कालापानी भन्दा तलको पाखागाउँ खोलाको दक्षिणपट्टिको डाँडोलाई सिमाना देखाइएको छ । नक्शा अनुसार कालापानी क्षेत्र भारततर्फ पर्न जान्छ ।

३. पछि सन् १८७९ मा भारत-चीन सीमा सम्झौता हुँदा सन् १८५० मा सर्भे अफ इन्डियाको नक्शामा देखाएको लिपुलेक भञ्ज्याङलाई कालीनदीको उद्गमस्थल मानी निषेधाज्ञा कायम गरिएको छ ।

४. सन् १८५० र १८५६ को सर्भे अफ इन्डियाबाट प्रकाशित नक्शामा कालापानी नेपालको भूभागको रूपमा कायम भएपछि त्यसपछि सर्भे अफ इण्डियाबाट प्रकाशित नक्शामा सिमाना फेर्ने कुनै आधार वा औचित्य रहँदैन । अत: कालापानी नेपालको भूभाग भएको हुँदा हालसम्म नापी विभागबाट प्रकाशित नेपालको सबै नक्शामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएको र कालापानी नेपालको भूभागको रूपमा छ ।

५. हाल कालापानीमा भारतको इन्डो-टिबेटन बोर्डर पुलिस चौकी रहेको र भारतले कालापानी आफ्नो क्षेत्रको रूपमा दाबी गर्दै आएको हुँदा प्रमाणका आधारमा दावी प्रमाणित गर्ने क्रममा नेपाल र भारतबीच द्विपक्षीय वार्ता चलिरहेको छ । प्रधानमन्त्री कार्यालयले संसदको समितिलाई लेखेको यो पत्रबाट दुई कुरा प्रष्ट हुन्छ । पहिलो, ब्रिटिश भारतसँग भएको सुगौली सन्धिपछि त्यही भारत सरकारले सन् १८५० र ५६ मा गरी दुई-दुई पल्ट छापेको नक्शाले कालापानी लगायतको भूभागलाई नेपालभित्र पारेको छ ।

यस आधारमा नेपालले कालापानी आफ्नो भनेर लिएको अडान प्रमाणमा आधारित तथा जायज छ । दोस्रो, सन् १८७९ देखि भारतले आफूखुसी नक्शा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ । जुन षड्यन्त्रपूर्ण र अन्तर्राष्ट्रिय नियम कानून विपरीत छ ।

**समाधान उच्च राजनीतिक तहबाट**

नेपालले उहिलेदेखि नै आफ्नो भूभागको रक्षा गर्ने कदम नचालेकाले सीमा क्षेत्रमा भारतको बलमिच्याइँ बढेको हो । सीमा सुरक्षाको लागि प्रष्ट रणनीति बनाएर अघि बढ्न नेपाल सरकार अहिले पनि चुकिरहेको छ। भारतसँग सिमाना जोडिएका कतिपय स्थानमा आफ्नो सुरक्षा संयन्त्र व्यवस्थित रूपमा तैनाथ गर्न नसक्नु कमजोरी हो ।

सीमा क्षेत्रका बढी संवेदनशील र अत्यावश्यक ठाउँमा समेत सुरक्षा फौज राख्न नसक्नु अतिक्रमणलाई ठाउँ दिनु हो । सशस्त्र प्रहरी बललाई मूलत: सीमा रक्षा र दंगा नियन्त्रण गर्ने काममा केन्द्रित गर्नुपर्नेमा प्रभावकारी परिचालन हुनसकेको छैन ।

सीमा विवाद सुल्झउन बेलाबेला २ पक्षीय रूपमा समिति बनाइए पनि त्यस्तो प्रयास फितलो सावित हुँदै आएको छ। यसको कारण के हो भने, कालापानी र सुस्ता क्षेत्रको सीमा विवाद प्राविधिक वा प्रशासनिक तहबाट समाधान हुन सक्दैन। दुवै देशले उच्च तहको संयन्त्र बनाएर राजनीतिक तहबाटै गम्भीर प्रयत्न गरे मात्र विवाद समाधान हुनसक्छ। सीमा विवाद समाधानका लागि भारतको राजनीतिक नेतृत्वको रुचि अपेक्षित हुन्छ ।

हाम्रो तर्फबाट ऐतिहासिक प्रमाण, तथ्य र तर्क सहितको व्यवस्थित विवरण तयार गरेर प्रधानमन्त्री तहबाटै गम्भीर रूपमा कूटनीतिक र राजनीतिक प्रक्रियाबाट यो मुद्दा अघि बढाउनुपर्छ । देशको सीमाको विषय राष्ट्रिय अजेण्डा भएकाले यो मुद्दा उठाउन राष्ट्रिय सहमति कायम गर्नुपर्छ । तत्कालका लागि भने नेपाल सरकारले संसदभित्र र बाहिर सर्वदलीय बैठक राखेर व्यापक छलफल गरी ठोस् प्रस्ताव र कार्ययोजना बनाएर भारतसँग वार्ताका माध्यमबाट यसको समाधान खोज्न सक्रियता देखाउनु जरूरी छ ।

भारत सकेसम्म अल्मल्याउन र टार्न चाहन्छ। तर नेपालले परिपक्व तयारी गरेर भारतलाई सीमा विवाद समाधान गर्न लगाउनुपर्छ । भारतले पनि बुझ्नुपर्छ, जबसम्म कालापानी र सुस्ता जस्ता समस्या बाँकी रहन्छन्, नेपालमा भारत विरोधी जनमत झन बढ्दै जानेछ र उसको अन्तर्राष्ट्रिय छवि पनि धमिलिन्छ। हिमाल खबर डटकम

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
दुविधामा नपरि काम गर्नु होला । आम्दानी खर्च बरावरै जस्तो हुनेछ। पठन पाठनमा खासै सोचे जस्तो प्रगति हुने छैन ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
उतार चढावको सामना गर्नु पर्ला । अनावस्यक काममा टाँउको दुखाउनु पर्ला। शारीरिक शिथिलता बढ्नेछ। घरयासी खर्च बढ्नेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
साहस,धैर्यता र पराक्रम बढ्नेछ। व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ । आफन्तबाट सहयोग साहनुभूति मिल्नेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
ऋण दिदा विचार पुऱ्याउनु होला । आफन्त बनेर धोका दिन सक्छन्। लगनशिल भई गरेका काम सफल हुनेछन् ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,टू,टे)
समयमा सुधार आउनेछ । कार्य क्षमता बढ्नेछ । फजुल खर्चमा कमि आउनेछ । व्यापार व्यवसायबाट आम्दानी बढ्नेछ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
समयले कम साथ दिनेछ। आम्दानीका मार्ग खुम्चिने तथा व्ययका मार्ग खुल्नेछन्। झुट्टा आरोप लाग्नसक्छ सतर्क रहनु होला ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
अनुकुल बातावरणमा काम गर्न पाईनेछ । घरपरिबारको सहयोग मिल्नेछ। नोकरी तथा राजनीतिमा नयाँ अवसर आउन सक्ने कुरालाई नकार्न सकिन्न।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
समयमा सुधार आउनेछ। भाग्यले साथ दिदा धेरै काममा सफलता मिल्नेछ। हेलचक्र्याई गरेर काम गरेमा सोचे जस्तो लाभ लिन सकिने छैन।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
समयमा सामान्य सुधार आउनेछ तर काममा सोचे जस्तो प्रगति हुने छैन । आर्थिक कारोवारमा समस्या सृजना हुनसक्छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
जीवन साथिसँग बादविबाद पर्न सक्छ । दैनिक काम काजमा अवरोध आउन सक्छ । व्यापारबाट उचित लाभ लिन सकिने छैन।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
घर परिवारबाट पूर्ण सहयोग मिल्ने छैन। नयाँ कामको अवसर आउन सक्ने कुरालाई नकार्न सकिन्न। विदेश यात्राको सम्भावना देखिन्छ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
शत्रु बढ्ने छन् काम गर्दा गोपनियता अप्नाउनु होला । सामान्य प्रयासबाट कार्य सम्पादन हुनेछैनन ।


**समाधान राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**

**article.samadhan@gmail.com**


## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, हेमन्तर्तुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल मंसिर ६ गते शुक्रबार नेपाल सम्बत ११४० कछलागा तदनुसार सन् २०१९ नोभेम्बर २२ तारिक कृष्णपक्ष दशमी तिथि प्रातः ७ वजेर २ मिनेटसम्म, उत्तरफाल्गुनी नक्षत्र अपरान्ह ३ वजेर ४१ मिनेटसम्म, विष्कुम्भयोग, भद्राकरण, आनन्दादियोग शुभ, सूर्य वृश्चिक राशीमा, चन्द्रमा कन्या राशीमा ।

**जिज्ञासाको लागि : ९८५६०२६३९७**
gurupatrakar@gmail.com

## समाधान सञ्जाल



**सन्देश परियार**
facebook.com/sandesh.pariyar2
पहिलो त कमजोरी हामीमा नै देख्छु। लिपुलेक हाम्रै हो । यसलाइ विवादित भूमि हामीले नै बनायौं । सामाजिक सञ्जाल, नारा, धर्ना मार्फत् । वास्तवमा यो भारतद्वारा अतिक्रमण गरिएको नेपाली भूमि हो। विवादित होइन । यही विषयले नेपाली तातिएका छन् ।
फेरी यही तातो समयमा पूर्व राजा ज्ञानेन्द्र शाह क्लबमा गएर नाचिदिन्छन् । जनताको ध्यान नाचमा केन्द्रित बनेको छ वा बनाइएको छ । यसले माहोल अली चिसो बनेको छ । यस्तैमा नेपाली पक्षले लिपुलेकका लापग कुटनीतिक रुपमा पहल गर्ने तयारीसम्म पनी नगर्दा भारतको मनोबल बढेको छ। त्यसैले ढुक्कका साथ भन्दैछन् 'कालापानी भारतका हे' । नेपाली नेतामा त्यो भूमि फिर्ता ल्याउन सक्ने छाती छ जस्तो पपन मलाई लाग्दैन ।



**आनन्दराज बतास**
facebook.com/anandaraj.batas
कालापानी, लिपुलेक लगायतका समग्र सीमा विवाद समाधानको ऐतिहासिक अवसर सरकारलाई छ । सरकार आफैंमा बलियो छँदैछ, त्यसमा प्रतिपक्षी सबै दलको आडभरोसा तथा नेपाली जनताको दृढ समर्थन रहेकाले अब बल सरकारकै कोर्टमा छ, यो अवसर गुमाउनु हुँदैन ।



**जीवन सुवेदी**
facebook.com/jeevan.news
चुनावहरु प्रोपोगान्डाले होइन एजेन्डाले जित्नुपर्छ । बिना एजेन्डा प्रोपागान्डा बनाएर अरु दललाई गाली गर्दैमा चुनाव जित्न सकिन्न भन्ने कुरा २०७४ कै चुनावले स्पष्ट पारेको छैन र ?



**डम्बर खतिवडा**
twitter.com/dambarkhatiwoda
ठूला पार्टीका, शक्तिशाली, खर्च गर्न सक्ने भनेर हैन, एजेन्डा मिल्ने र इमान्दारलाई भोट दिने प्रचलन स्थापित गरौं । पार्टी-पार्टीका एजेन्डाको भिन्नता बुझौं । एजेन्डा केन्द्रित मतदान लोकतन्त्रको आत्म हो । सन्दर्भ-मंसिर १४ को उपनिर्वाचन ।



**प्रकाश अधिकारी**
facebook.com/poetsprakash
के दुनियाँ अजीव छ। यहाँ टोलटोलमा हिटलरी रोगबाट ग्रस्त आलमहरू छन् । यिनीहरू आफ्नो स्वार्थको लागि देशनै इँटाभट्टीमा पोल्न उद्दत छन् । यहाँ चोकचोकमा शेरहरू छन् । हामी शेर नै मृगका असली संरक्षक हौं भन्ने भ्रममा रमेका छन् । यी आलमहरू हिटलरी प्रवृत्ति, घमण्ड, ढोंग र शेर भ्रमबाट छिटै निको होउन् । बाँकी त ठीकै छ। दुनियाँ चलिरन्छ । देश बनिरहन्छ ।



**नारायण अमृत**
twitter.com/amritna
अपराध भनेको अपराध नै हो । चाहे भट्टामा मान्छे पोलोस्, चाहे गुड्दै गरेको यात्रु बस यात्रु बस एम्बुसमा पारोस् । चाहे कार्यकर्ता उचालेर निहत्था रेटोस् ।
राजनीति र नेतागिरीको नाममा भएका सबै अपराधहरुबारे अनुसन्धान होस् । दोषी खोरमा जाउन् । बस् ।



**एकनारायण भण्डारी**
facebook.com/eknarayan.bhandari
आशा थियो व्यवस्थासँगै अवस्था बद्लिने छ । तर मेरो घरदेखि मेरो देशसम्म लुटकै खेती । म जनता टुलुटुलु !



**सावित्रा भुसाल**
facebook.com/sabitra.bhusal.9
तरकारी र फलफूलको मुल्य वृद्धि भएको छ । बजार अनुगमन गरियोस् । बिचौलिया मोटाए ।
कृषक र उपभोक्ता मारमा परे ।

# अफिसमा सहकर्मी

### आफ्नो काम छिटै सक्किएको छ भने अन्य साथीलाई सहयोग गर्नुपर्छ । यस्ता केही सहयोगले पनि सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्छ

अफिसमा हामी लगभग दिनभरी नै बिताउँछौं र यो हाम्रो आर्थिक विषयमा पनि जोडिएको हुन्छ। केहीको अफिसमा कर्मचारीसँग त्यही राम्रो सम्बन्ध भइरहेको हुँदैन भने केहीले चाहँदा चाहँदै पनि सम्बन्ध बढाउन सक्दैनन् । त्यसैले पनि केहीलाई अफिसमा काम गर्ने क्रममा अहिज भइरहेको हुन्छ । काम हामीले छोड्न पनि सकिरहेका हुँदैनौं भने राम्रोसँग काम गर्न पनि सकिरहेका हुन्नौं । केहीले त यस कारण पनि कार्यालय बढी परिवर्तन गरिरहेका हुन्छन्। यसकारण अफिसका कर्मचारीसँगको सम्बन्ध सुमधुर बनाउनु आवश्यक हुन्छ ।

यसका लागि अफिस माथिल्लोतथा तल्लो तहका कर्मचारीले मिलेर खाजा सँगै खाने गर्नुपर्छ । त्यस समयमा कामका विषयमा भन्दा पनि अन्य विषयमा कुराकामनी गरे सम्बन्ध बढाउनुपर्छ। हाँस्नु, हँसाउनु, विभिन्न शीर्षकमा कुरा गर्नु लगायतका उपाय अपनाउँदा राम्रो हुन्छ । नेपालको विषयमा कुरा गर्ने हो भने प्राय चिया गफका रुपमा राजनीतिक



गफले बढी स्थान पाइरहेको हुन्छ। तर कर्मचारीबीच राजनीतिका विषयमा कुरा धेरै गर्नु हुँदैन । फरक कर्मचारीको फरक राजनीतिक आस्थाले त्यहाँ द्वन्द्व पनि उत्पन्न हुन सक्छ ।

आफ्नो काम फरक तरिकाले गर्छुभन्दा गलत पनि हुन सक्छ । त्यसैले सबैभन्दा पहिले सही तरिकाले आफ्नो काम गरौं । हामीले आफ्नो काम सही तरिकाले सम्पन्न नगर्दा अन्य कर्मचारी साथीलाई समेत असर पर्ने सम्भावना हुन्छ। सकभर गल्ती नदेखिने गरेर काम गर्नुपर्छ। हामीले राम्रोसँग कार्यालयमा काम गर्न सके अन्य कर्मचारीले पनि त्यसबाट धेरै शिक्षा लिन सक्छन् ।

केही निजी कम्पनीमा काम गर्दा समय बढी लिइरहेको हुन्छ र आफूलाई समय पनि हुँदैन । त्यस्तो अवस्थामा आफ्नो काम छिटै सक्किएको छ भने अन्य साथीलाई सहयोग गर्नुपर्छ । यस्ता केही सहयोगले पनि सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्छ । अफिसका साथीले कहिलेकाहीं पारिवारिक भेटका लागि घर लैजाने पनि गर्नुपर्छ । यो भेटले सम्बन्धमा नयाँ आयाम पनि थप्छ। साथै घुमघाम पनि सबै मिलेर जानुपर्छ ।



# सासु -बुहारीको सम्बन्धमा सुधार

नयाँ सम्बन्धमा बाँधिदा उनीहरुमा केही डर र संकोच अवश्य पनि हुन्छ । तर यसमा सासु र बुहारीले आफ्नो सम्बन्धलाई राम्रो बनाउन आफैं कोसिस गर्नुपर्छ
सासु र बुहारीको सम्बन्धमा सुधार

मंसिरको महिना छ र लगन पनि धेरैको जुरिरहेको हुन्छ यो महिनामा । विवाह पश्चात एउटी महिला बुहारीका रुपमा अरु कसैको घरमा सम्बन्ध जोडेर जान्छिन् भने केही सासु बन्छिन् । एउटी नारीले धेरै सम्बन्धलाई स्वीकार गरिसकेकी हुन्छिन् विवाह पश्चात । भनिन्छ विवाह गरेपछि एउटी नारी जति माइती घरमा स्वतन्त्र हुन्छिन् त्यति आफ्नो श्रीमानको घरमा हुदिनन् । किन कि उनले त्यसपछि धेरै जिम्मेवारी निभाउनु परिरहेको हुन्छ । केही संकोच तथा केही डरले उनीहरु बाँचिरहेका हुन्छन् । अरु कुरा गर्ने हो भने नेपालको सन्दर्भमा विवाह पश्चात सासु र बुहारीको सम्बन्ध त्यति राम्रो भएको देखिदैन समाजमा । नारी नारीको नै सत्रु हुन्छन् भन्ने पनि भनाई कायमै छ नेपालको सन्दर्भमा । नयाँ घरमा नयाँ सम्बन्धमा बाँधिदा उनीहरुमा केही डर र संकोच अवश्य पनि हुन्छ । तर यसमा सासु र बुहारीले आफ्नो सम्बन्धलाई राम्रो बनाउन आफैं कोसिस गर्नुपर्छ ।

बुहारी भएर नयाँ घरमा जाँदा हरेक युवतीलाई नयाँ संस्कार तथा चलन सिक्न समय त पक्कै लाग्छ । त्यसका लागि सासुले पनि ऊ कसैको छोरी हो भन्ने सोचे सिकाउनुपर्छ भने बुहारीले पनि अबबाट यही नै मेरो संसार हुन् र श्रीमानको आमा पनि मेरै आमा हुन् भन्ने सोचले सिक्नुपर्छ ।

को भन्दा को के कम भएर अगाडि बढ्न खोजियो भने समस्या आउन सक्छ । सासुआमा भनेका हिजोका दिन बिताएका हुन्छनन् भने बुहारी आजका दिन र चालचलनमा भिझेकी हुन्छिन् । यी बीचमा केही तालमेल मिल्दैन र राम्रो नराम्रो मिलाएर जीवनको प्राप्ति खोज्नुपर्छ ।

शिक्षित परिवार र संसार मुक्त घर संसारबाट हुर्केको होरीमा धेरै सकारात्मक धारणा हुन्छन् त्यसैले उसले जस्तै ताल मेल नमिलेको घर पनि व्यवस्थित बनाउँन सकिन्छ । पहिला विवाह गरेको घरमा बुहारीलाई बुझ्ने छोरा अर्थात् श्रीमान् हुनुपर्छ । त्यति नै बुझाई बस्तीमा पनि हुन जरुरी छ । धौ बुहारी सकारात्क हुनुपर्छ । त्यसै गरी सासुआमा अर्कोको छोरी मेरो बुहारी नभएर छोरी नै हो भन्ने व्यवहार स्वाभाव हुने दिन जान्ने हो भने र बुहारीले आफ्नो दायित्व र कर्तव्यलाई अनुशासित ढंगले निर्वाह गर्ने हो भने यो सम्बन्धलाई पनि सुमुधर बनाउन सक्ने कुरामा दुईमत हुँदैन ।

# विवाहको औंठी



मंसिरको महिना छ । यो महिनामा विवाहका लागि लगन धेरै हुन्छ नेपालको कुरा गर्ने हो भने । विवाहको परम्परामा केही परिर्वतन आएपनि धार्मिक तथा साँस्कृतिक हिसाबले केही कुरा गर्ने यथावत् नै छन् । त्यसमध्ये विवाहको समयमा बेहुला बेहुलीले एकआपसमा औंठी साटासाट गर्ने पनि हो । यसरी औठी साटासाट गर्दा उनीहरुले एकआपसको साइँली औंलामा औठी लगाइदिन्छन् । तर यो विषयमा धेरैलाई थाहा नहुन पनि सक्छ । इशापूर्व ३००० मा विवाहको चिन्ह स्वरुप औठी लगाइदिने चलन सुरू भएको मानिन्छ ।

त्यस बेलादेखि विवाहमा औंठी लगाउने चल्दै आएको छ । केही परम्परा अनुसार अहिले पनि बेहुलाका पितालाई विवाहको चिन्ह स्वरुप दिने चलन छ । यो परम्परा प्राचीन रोमन र ग्रीक समयमा चलेको मानिन्छ । त्यतिबेला बायाँ हातको साइँली औंलामा औठी लगाइदिँदा सीधा मनसँग सम्बन्ध हुन्छ भन्ने मान्यता थियो । विवाहको औंठीले परिवारप्रतिको जिम्मेवार हुने र जिन्दगीभर श्रीमतीलाई रक्षा गर्ने सुत्रका रुपमा औंठीलाई लिने चलन छ । एक आपसमा प्रेम साटासाट गर्ने माध्यमका रुपमा पनि औंठी लगाइन्छ । युरोपमा कयौं देशमा दायाँ हातको साइँली औलामा पनि औंठी लगाइदिने प्रचलन छ । युरोपियन राष्ट्रमा औंठीको परम्परा बढी पाइन्छ ।

# किन टुट्छ प्रेम सम्बन्ध ?


विवाह बन्धनमा बाँधिदा धेररे जोडीले सम्बन्ध कायमै हुन्छ भन्ने सोच नै राखेका हुन्छन् । तर केही कुरामा मतभेद तथा समस्याले गर्दा समस्या उत्पन्न भएपछि उनीहरु छुट्टिरहेका हुन्छन् । सम्बन्ध टुट्नुमा कहिले पनि कुनै एक जनाको मात्र होष हुँदैन । दुवै उत्ति नै भागिदार हुन्छन् । समयको परिवर्तनसँगै यो सम्बन्ध पनि त्यसरी नै टुट्छ केहीको । नेपालमा त झन् अहिले सम्बन्धविच्छेद गर्नेको संख्या ह्वात्तै बढेको छ ।



समय परिर्वतनशील छ र त्यही अनुसार मिलेर अगाडि बढ्न सकेमात्र हामी आफ्नो सम्बन्धलाई सुमधुर बनाउन सक्छौं । तर आजकाल वैवाहिक बन्धनको उमेर कम भइरहेको छ र सम्बन्ध बिच्छेदको घटना निकै सार्वजनिक भइरहेका छन् । त्यसैले सुमधुर वैवाहिक तथा प्रेम समबन्धका लागि एकअर्काको भावना बुझ्नु जरुरी हुन्छ । साथै एकअर्काप्रति सम्मान हुनु पनि आवश्यक छ । जसरी समयसँगै व्यक्तित्वमा परिवर्तन आउने गर्छ, त्यस्तै गरि इच्छा तथा चाहनामा पनि परिवर्तन आउने भएकाले हामी एक अर्काप्रति प्रेमको अभिव्यक्तिमा पनि परिवर्तन पाउने गर्छौं ।

हरेक वैवाहिक जीवनमा एकआपसमा झगडा हुने नै गर्छ । तर झगडाले सम्बन्धमा के असर पार्छ भन्दा पनि झगडाले के कुरा सिकाउँछ भन्ने कुरा महत्वपूर्ण हुन्छ । समयसँगै बदल्ने गर्छ प्रेम तर जब हामी प्रेममा पर्छौं, त्यतिबेला त्यसलाई जीवनभरिको सुनिश्चितता मान्ने गर्छौं र यसलाई हामीले जीवनभरिको सुख र प्रशन्नताको ग्यारेन्टीको रुपमा लिने गर्छौं । हामी यस्तै भ्रमका कारण दुखी हुन्छौं । समय परिवर्तशील छ भन्ने उक्तीलाई आत्मसात गर्न नसकेका कारण धेरैजसो मानिसहरु दु:खी हुने गर्छन् जसले प्रेम सम्बन्ध टुट्ने गर्छ ।

# वैवाहिक सम्बन्ध



**आफ्नो मान्छेसँग कुराकानी गर्दा कहिल्यै पनि झिँझो मान्नु हुँदैन। भित्र मन नपरेपनि उनका कुरा शान्तसँग सुनिदिनुपर्छ**

विवाहलाई सबैभन्दा पवित्र र विश्वासमा आधारित सम्बन्ध मानिन्छ। तर पनि यो सम्बन्धलाई सधैभर सुमधुर बनाइराख्न गाह्रो पर्छ । कतिपय सामान्य कारणले पनि पवित्र भनिने वैवाहिक सम्बन्धमा दरार आउँछ । जसको पछिल्लो उदाहरणको हो सम्बन्ध विच्छेदका घटना बढ्दै जानु ।

आजभोलि सम्बन्धविच्छेदका घटना बढ्न थालेका छन् । सम्बन्धमा सम्मानको महत्व प्रेम प्रकट गर्दा हामी बढी नै देखाएर गर्छौं । साँचो कुरा प्रेम सँगै विश्वास पनि हो । सम्बन्धमा एक-अर्काप्रतिको विश्वासको ठूलो महत्व हुन्छ । सम्बन्ध दरिलो बनाउन एक अर्काको निर्णय तथा सही विचारको सम्मान गर्नुपर्छ ।

आफन्तसँगको सुमधुर सम्बन्ध प्रत्येक नातेदारसँग आफ्नो सम्बन्ध उत्तिकै राम्रो हुनुपर्छ भन्न सजिलो छ, तर सबै आफन्त र उनीहरुको स्वभाव चिनेर खुसी पारिराख्नु त्यति सजिलो भने छैन। तर आफ्नो तर्फबाट प्रयास भने गर्न छोड्नु हुँदेन । आफ्नो मान्छेसँग कुराकानी गर्दा कहिल्यै पनि झिँझो मान्नु हुँदैन। भित्र मन नपरेपनि उनका कुरा शान्तसँग सुनिदिनुपर्छ। मनमुटाव हुने स्थिति आए पहिल्यै सुल्झाउने प्रयास गर्दा राम्रो हुन्छ ।

केही सम्बन्ध पैसाका कारणले पनि टुटिरहेको हुन्छ । त्यसैले पैसाको बारेमा प्रष्ट हुनु जरुरी हुन्छ । विवाहपछि आर्थिक रुपमा स्वतन्त्र हुन कठिनाई हुनसक्छ । तर बिहेपछि पैसाको बारेमा एक अर्कालाई जानकारी हुन जरुरी हुन्छ । यसो हुदाँ दुवैले आर्थिक मामिलामा एक अर्कालाई शंका गर्ने ठाउँ रहँदैन । आफूले लगानी गरेको, सापटी दिएको, सहयोग लिएको जस्ता कुरा एकअर्कामा जानकारी हुँदा त्यसले सम्बन्धलाई सुधार गर्न मद्दत पुग्छ। सम्झौता गर्नु कमजोरी होइन । सम्बन्धमा कहिलेकाहीं साना तिना कुराले पनि दिक्क पार्ने गर्छ। तर यस्ता कुरालाई ठूलो नबनाएर सम्झौता गर्नु राम्रो हुन्छ। सम्झौताले सम्बन्धलाई तन्काउने काम गर्छ । कसले भनेको कुरा ठूलो र कसले भनेको कुरा सानो भन्ने जस्ता कुरामा अल्झनु हुँदैन । मायामा कमी हुन दिनु हुँदैन। बिहे भएको जतिसुकै वर्ष बितोस्, एकअर्काको प्रेममा कमी हुन दिनु हुँदैन। एकअर्काको प्रसंशा गरिरहँदा पनि राम्रो हुन्छ । जसले सम्बन्धलाई निरन्तर रुपमा सुमधुर बनाइरहन मद्दत पुग्छ ।

**साईमन पार्टी प्यालेस**
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा
वर्षौदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
**साईमन पार्टी प्यालेस**
**यहाँ**
विवाह, वर्तवन्ध, सभा, सम्मेलन, भोजभतेर, पास्नी, गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न पार्टीहरु साथै खान, बस्नको राम्रो सुविधा रहेको छ ।
हलको क्षमता:
१,000 जना- १ वटा ५00 जना-१ वटा, २00 जना- १ वटा १00 जना- १ वटा
५0 जना - १ वटा र अन्य मिटिङ हलहरू
**साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि**
अग्रीम बुकिङको लागि:
फोन नं.: 0६१-५३९१0६, ९८५६0२११६८, ९८५६0३४९१९, ९८५६0२१३७७
पार्किङको राम्रो सुविधा

**फिल्मी संसार**
QFX cinemas
POKHARA CINEPLEX
**पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल**
NOW SHOWING
AMAZING DEAL EVERY TUESDAY
Only at Rs . 150 Per Ticket




**Ghamad Shere (PG)**- 12:15PM, **Charlie's Angels (PG)**- 18:45PM,
**Bala (PG)**- 15:30PM, **Marjaavaan (PG)**- 12:00PM, 18:30PM, **Housefull 4 (PG)** : 15:15PM
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

**528009**
खानेपानी चाहिएमा

## लेखनाथ महोत्सवमा शैक्षिक प्रदर्शनी

पोखरा, ४ मंसिर (समाधान) - १६ औं संस्करणको लेखनाथ महोत्सवमा शैक्षिक प्रदर्शनी गरिने भएको छ । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजना तथा विभिन्न संघ संस्थाको सहयोग र सहभागितामा पुस ३ गते देखि १५ गतेसम्म आयोजना हुन लागेको महोत्सवमा विद्यालय स्तरीय शैक्षिक प्रदर्शनी तथा नृत्य/गायन कार्यक्रम समावेश गरिएको हो। लेखनाथ महोत्सव अन्तर्गतको विद्यालयस्तरीय नृत्य कार्यक्रम उपसमितिको बुधबार बसेको बैठकले महोत्सव स्थलभित्र विद्यार्थीलाई प्राविधिक र शैक्षिक ज्ञान उपलब्ध गराउने उद्देश्यले विद्यालयस्तरीय शैक्षिक प्रदर्शनी गर्ने निर्णय गरेको हो। विद्यालय स्तरीय नृत्य कार्यक्रम उपसमितिका संयोजक ध्रुवबाबु भटराईको अध्यक्षतामा भएको कार्यक्रममा आयोजक संस्थाका अध्यक्ष बलराम ढकाल, वरिष्ठ उपाध्यक्ष छत्रधर आत्रेय र कोषाध्यक्ष जानुका अधिकारी र प्याब्सन कास्कीका अध्यक्ष प्रेमप्रसाद शर्मा लगायतले महोत्सवलाई प्रभावकारी तरिकाले सञ्चालन गर्न सबैको साथ र सहयोगको आवश्यकता औंल्याए ।

# ‘बालबालिका संरक्षणमा राज्यको लगानी कम’

**समाधान संवाददाता**
पोखरा, ४ मंसिर




गण्डकी प्रदेशका सांसद राजीव पहारीले राज्यले बालबालिकाको क्षेत्रमा गरेको लगानी न्यून रहेको बताएका छन् । ‘विकसित देशले बालबालिकाका लागि छुट्टै बजेट बनाउँछन्,’ उनले भने, ‘नेपालमा भने बालबालिकाका लागि राज्यको लगानी न्यून छ ।’

अन्तर्राष्ट्रिय बाल दिवसका दिन बुधबार पोखरा महानगरपालिका वडा नं ६ बैदाममा अवस्थित शिशु विकास तथा स्याहार केन्द्र को १३ औं साधारण सभाको उद्घाटन कार्यक्रममा सांसद पहारीले राज्यले बालबालिका संरक्षणमा नगर्ने हो भने, यिनै बालबालिका भोलिका दिनमा दुर्व्यसनीमा लागेर राज्यका लागि अभिशाप हुन सक्ने भन्दै चिन्ता व्यक्त गरे ।

उनले फेवातालको संरक्षणका लागि गण्डकी प्रदेश सरकार र पोखरा महानगर पालिकासँग समन्वय गरी पहिलो पटक बजेट विनियोजन गरे, तालमा चेक ड्यामको काम सुरु गरेको समेत बताए ।

पोखरा महानगर पालिका ६ का अध्यक्ष जगतबहादुर पहारीले शिशु विकास तथा स्याहार केन्द्र पोखरामा रहेका केन्द्रमध्ये उत्कृष्ट रहन सफल भएकोमा केन्द्रको प्रशंसा गर्दै पर्यटकीय क्षेत्र लेकसाइडमा बालबालिकालाई बालश्रमिकको रुपमा काममा लगाउनेलाई कारबाही थालिएको जानकारी दिए ।

पर्यटन व्यवसायी तथा बटरफ्लाई फाउन्डेसनका अध्यक्ष गोविन्दराज पहारीले हुने खानेभन्दा नि हुँदा खाने आर्थिक अवस्था कमजोर भएका अभिभावकका बालबच्चालाई स्याहार सुसार गरी शिक्षासमेत प्रदान गरेकोमा केन्द्रको प्रशंसा गरे ।

फाउन्डेसनका अध्यक्ष गोन्दिराज पहारीले बालबालिका शिक्षा र स्वास्थ्यका लागि सहयोग भन्दै १ लाख १४ हजार रुपैयाँको चेक केन्द्रका अध्यक्ष अनील थापालाई प्रदान गरे । केन्द्रका अध्यक्ष थापाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष विष्णु केसी, सचिव मीना ढकाल, कोषाध्यक्ष ललिता ढुंगाना, अभिभावक गोमा आचार्य बस्नेत, रेन्बो चिल्ड्रेन होमका सञ्चालक गोमा ढकाल महिला पर्यटन मञ्चकी अध्यक्ष जमुना पराजुली र बविता थापा र विनीता अधिकारी बराल लगायत वक्ताले मन्तव्य व्यक्त गरेका थिए ।

# विद्यार्थीले हेरे ‘एक चिहान’



**समाधान संवाददाता**
पोखरा, ४ मंसिर

सेन्ट मेरिज मावि पोखरा १५ का प्लस २ मा अध्यनरत विद्यार्थीले सामूहिक रुपमा एक चिहान नाटक हेरेका छन् । प्लस २ को पाठ्यक्रममा समावेश भएको सामाजिक नाटक एक चिहान सेन्ट मेरिजका १ सय २५ विद्यार्थीले हेरेका हुन् ।

साहित्यकार हृदयचन्द्रसिंह प्रधानको चर्चित उपन्यास एक चिहानलाई नाट्य रुपान्तरणसहित निर्देशन परिवर्तनले गरेका हुन् । पोखरा थिएटरमा भएको नाटक मञ्चनमा स्कुलका प्लस २ इन्चार्ज सिस्टर लेलिन सिजे र प्राइमरी इन्चार्ज सिस्टर कोटिल्डा सिजे लगायत पनि सहभागी थिए । विद्यार्थीलाई साहित्य, भाषा, संस्कृतिप्रति रुचि जगाउन र पाठ्यक्रममा भएकाले थप जानकारी दिए नाटक देखाइएको प्लस २ इन्चार्ज लेलिनले बताइन् । किताबमा नाटक पढ्नुभन्दा प्रत्यक्ष अभिनय निकै फरक र प्रभावकारी हुने भएकाले उनीहरुलाई नाटक मञ्चनमा सहभागी गराइएको शिक्षिक अनीषा बरालले बताइन् ।

पोखरा थियटरको यो ८ औं नाटक हो । नाटकमा जनक पराजुली, प्रमिला तुलाचन, नवराज गिरी, सन्तोष पुन, सुविना श्रेष्ठ, सोनिया खत्री, सुदीप बास्तोला, अञ्जु दाहाल, सन्दीप ठाकुर, विष्णु तिमिल्सिना, सुमन तिमिल्सिना, ईश्वरी राना, आशिका केसी, नितिषा बस्ताकोटी लगायतले अभिनय गरेका छन् ।


## हार्दिक समवेदना



जन्म मितिः वि.सं. २००४/१०/१४

स्वर्गारोहण मितिः वि.सं. २०७६/०७/२६

**स्व. बटी गुरुङ**

यस सेवा बचत तथा ऋण सहकारी संस्था लि. का उपाध्यक्ष श्री ताराबहादुर गुरुङकी ममतामयी आमा तथा यस संस्थाकी सल्लाहकार श्री मालती गुरुङकी सासुआमा **बटी गुरुङ**को असामयिक स्वर्गारोहण भएको आज १० औं दिनको पुण्यतिथिमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राजेश थापा**
अध्यक्ष एवं
**सेवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
पोखरा-१६, लामाचौर (घाँटीपाटन)

## हार्दिक समवेदना



जन्म मितिः वि.सं. २००४/१०/१४

स्वर्गारोहण मितिः वि.सं. २०७६/०७/२६

**स्व. बटी गुरुङ**

यस घाँटीपाटन बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिका सदस्य श्री मालती गुरुङकी सासु आमा तथा शेयर सदस्य श्री ताराबहादुर गुरुङकी ममतामयी माता **बटी गुरुङ**को असामयिक स्वर्गारोहण भएको आज १० औं दिनको पुण्यतिथिमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मिन प्रसाद श्रेष्ठ**
उपाध्यक्ष एवं
**घाँटीपाटन बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
पोखरा-१६, लामाचौर (घाँटीपाटन)

## हार्दिक समवेदना



जन्म मितिः वि.सं. १९९०/०८/०८

स्वर्गारोहण मितिः वि.सं. २०७६/०७/२३

**स्व. ज्ञानबहादुर महत**

यस रत्ना आधारभूत विद्यालयका शिक्षिका श्रीमती शिवकुमारी कार्कीका पुजनीय पिता **ज्ञानबहादुर महत**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रीमती सीतादेवी थापा**
प्रध्यानाध्यापक

**श्री राम विक्रम राणा**
अध्यक्ष वि.व्य.स.

तथा
**श्री रत्ना आधारभूत विद्यालय परिवार**
पोखरा महानगरपालिका-१, कसेरी कास्की

## हार्दिक श्रद्धाञ्जली



जन्म : बि.सं. १९८९/०४/०२

स्वर्गारोहण : बि.सं. २०७६/०७/२३

**स्व. अम्बर बहादुर खाँड ठकुरी**

यस कुँवर समाज समितिका आजीवन सदस्य **अम्बर बहादुर खाँड ठकुरी** को ८७ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहरणले हामी अत्यन्तै मर्माहत भएका छौं। आज **१३ औं** दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि **हार्दिक श्रदाञ्जली** अर्पण गर्दछौं।

धुव्र कुँवर
अध्यक्ष
कुँवर समाज समिति

श्रीमती सिता कुँवर
अध्यक्ष
श्री भवानी आमा समूह

**कुँवर समाज समिति**
पोखरा म.न.पा.–८, कुवरटोल

*इन्द्रै विन्ती गरुन् झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो ।*
*आयो टप्प टिपी लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ॥*

## हार्दिक श्रद्धाञ्जली



जन्म मितिः वि.सं. १९९०/०८/०८ गते

स्वर्गारोहण मितिः वि.सं. २०७६/०७/२३

**स्व. ज्ञानबहादुर महत**

हाम्रा पुजनीय बुबा, हजुरबुबा तथा जिजुहजुरबुबा **ज्ञानबहादुर महत**को ८६ वर्षको उमेरमा असामयिक देहावसानले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

छोरी /ज्वाइँः
**शिवकुमारी कार्की/ कृष्णबहादुर कार्की**

नाति / नातिनीहरुः
**विनिता / ई. सुरेन्द्रबहादुर लामिछाने**
**विदिता / देवराज कुँवर**
**विजया / किरण पन्त**
**डा. उमङ्गध्वज कार्की**
**कामना कार्की**
**डा. उत्सवध्वज कार्की**

पनाति / पनातिनीहरुः
**सौरवी लामिछाने, साम्भवी लामिछाने,**
**देशराज कुँवर** ‘जुनियर’, **दिवित राज कुँवर,**
**किरव पन्त, कैरव पन्त**
*तथा*
**सम्पूर्ण कार्की परिवार**
पोखरा-१८, विन्ध्यावासिनी

## हार्दिक श्रद्धाञ्जली

जन्म मितिः वि.सं. १९८३



स्वर्गारोहण मितिः वि.सं. २०७६/०७/२३

**स्व. चन्द्रकली पौडेल**

हाम्री ममतामयी आमा **चन्द्रकली पौडेल**को असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत बनाएको छ । यस दुःखद् क्षणको १३ औं दिनको पुण्यतिथिमा अमरआत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दुःखद् घडीमा हामीप्रति सहानुभूति, समवेदना तथा भेटी प्रदान गर्नुहुने सम्पूर्ण ईष्टमित्र, आफन्तजन, छरछिमेक, संघसंस्था, शुभचिन्तक, सामाजिक अभियन्ता लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

छोरा / बुहारीः
**रामबहादुर पौडेल / रन्जु पौडेल**
नाति / नातिनी बुहारीः
**सञ्जय पौडेल / सीता पौडेल**
**कृषन पौडेल / समृद्धि पौडेल**
पनातिनीः
**सेरीन पौडेल**

**पुनश्चः** आज हुने **१३ औं दिनको शुद्धाशुद्धि कार्यक्रममा** उपस्थित भइदिनुहुन छिमेकी, ईष्टमित्र, शुभचिन्तक, सामाजिक अभियन्ता लगायत दिदी बहिनी दाजुभाइहरुमा सविनय अनुरोध गर्दछौं ।
**स्थानः** शान्तिनगरचोक, फेवा मार्ग, पोखरा-७, **समयः** बिहान ०९:३० बजेदेखि

A PLACE FOR GREAT FOOD & COFFEE!
HOME DELIVERY AVAILABLE*
061-521197
9864889123
*Limited areas only.
Dheentheba
FAST FOOD & COFFEE HOUSE
Bastolathar-9, Pokhara, Kaski, Nepal
info@dheentheba.com.np
www.dheentheba.com.np
/dheentheba
/dheentheba.pokhara

समाधान
आर्थिक

पैसा हुँदा बचत गर्न
खाँचो पर्दा कर्जा लिन
गण्डकी विकास बैंक छँदै छ नि !
GANDAKI BIKAS BANK LIMITED
गण्डकी विकास बैंक लिमिटेड
Email: info@gandakibank.com.np
www.gandakibank.com.np



# अँध्यारा सौर्य बत्ती !

**राजन उपाध्याय**
दुलेगौंडा, ४ मंसिर



शुक्लागण्डकी नगरपालिकाका मुख्य बजारमा राखिएका धेरैजसो सौर्य सडक बत्ती बिग्रेका छन् । दुलेगौंडा, कोत्रे र खैरेनीटार क्षेत्रमा ४ वर्षअघि बत्ती जडान गरिएको थियो ।

तत्कालीन स्थानीय विकास मन्त्रालयको आर्थिक सहयोगमा २ आर्थिक वर्षमा १ सय ३६ वटा सोलार बत्ती राखिएका थिए । आर्थिक वर्ष २०७२/०७३ मा ६८ र आव ०७३/०७४ मा ६८ वटा पोलमा राखिएका हुन् ।

सुरुमा दुलेगौंडामा ४० र २८ वटा खैरेनीटारमा बत्ती राखिएको नगरपालिकाका इन्जिनियर तारापति भट्टराईले बताए । दोस्रो वर्ष पनि त्यति नै बत्ती थप गरिएको थियो । दुलेगौंडा र कोत्रेमा ८० र खैरेनीटार क्षेत्रमा ५६ स्थानमा सोलार बत्ती छन् ।

सौर्य सडक बत्ती सञ्चालन कार्यविधि २०७२ अनुसार बत्ती राखिएको भट्टराईले बताए । 'दुवै स्थानमा उपभोक्ता समिति गठन गरी सोलार बत्ती राखिएको हो,' उनले भने, 'प्रतिपोल १ लाख १ हजार रुपैयाँ परेको छ ।' १ करोड ४९ लाख ६ हजार लागतमा १ सय ३६ वटा सोलार बत्ती राखिएको हो । यसमा १५ प्रतिशत नगरपालिका र २० प्रतिशत उपभोक्ताले व्यहोरेका हुन् । सौर्य बत्ती ५० मिटरमा छन् । सोलार प्यानलबाट ब्याट्री चार्ज भएर बल्छन् । बत्ती 'सेल्फ सिस्टम' का हुन् ।

सौर्य सडक बत्ती उपभोक्ता समिति खैरेनीटारका तत्कालीन अध्यक्ष अर्जुनकुमार श्रेष्ठले जडान गरिएको ६ महिनापछि बत्ती बल्न छोडको सुनाए । पहिलो वर्ष राखिएका सौर्य बत्ती बिग्रिएका हुन् ।

पछिल्लो वर्ष राखिएका बत्तीमा भने कुनै समस्या छैन । 'हामीले बत्ती बिग्रने बित्तिकै नगरपालिकालाई जानकारी गराएका हौं । त्यति बेला जनप्रतिनिधि आइसकेका थिएनन्,' उनले भने, 'हामी भनिरहेका छौं, तर टेरेका छैनन् ।' बत्तीको ५ वर्ष वारेन्टी छ । सौर्य सडक बत्ती उपभोक्ता समिति दुलेगौंडाका तत्कालीन अध्यक्ष ज्ञानप्रसाद भण्डारीले बत्तीको विषयलाई लिएर ४ पटकसम्म नगरपालिकाको ध्यानाकर्षण गराएको बताए । 'हामीले पटक पटक ठेकेदारलाई झिकाएर काम गर्न दबाब दिएका छौं,' उनले भने, 'तर खै ४ वर्ष हुन लागिसक्यो, मर्मत हुन सकेको छैन ।' पहिलो वर्ष काइनेक्टिक इनर्जी प्रालि काठमाडौंले बत्ती जडान गरेको हो । दोस्रो वर्ष दीप लाइट इनर्जीले जडान गरेको ई. भट्टराईले बताए ।

**करिब डेढ करोड खर्चेर शुक्लागण्डकीका सडकमा राखिएका सोलार बत्ती बल्न छाडेका छन्**

डेढ वर्षदेखि नै बत्ती बोल्न छोडको स्थानीयको गुनासो छ । बिग्रेको लामो समय बित्तिसक्दा पनि मर्मत नहुँदा स्थानीयले आक्रोश पोखेका छन् । राजमार्गका छेउछाउमा राखिएका अधिकांश बत्ती नबल्लेको स्थानीय लक्ष्मी सिग्देलले गुनासो गरिन् । 'कुनै केही समय बल्छन्, अधिकांश राति ११ बजेपछि बल्दै बल्दैनन्,' उनले भनिन्, 'रातका लागि राखिएका सौर्य बत्ती नबलेपछि यसको के अर्थ ?'

कतिपय ठाउँका सोलार प्यानलसमेत हराएका छन् । भीमसेन टोलका खिमनारायण मल्लले भने, 'टोलमा सोलार बत्ती नबल्दा राति हिँड्न पनि डर लाग्छ ।' यता, काइनेक्टिक इनर्जीका मनोज कोइरालाले भने १ हप्ताभित्र बत्ती मर्मत हुने दाबी गरे ।

'हामीले मर्मतका लागि १३ वटा पोलका ब्याट्री निकालेर लागेका छौं,' उनले थपे, 'आगामी १ हप्ताभित्र ती बत्ती बल्ने छन् ।' उनले नगरपालिकाबाट करिब ४ लाख भुक्तानी लिन बाँकी रहेको सुनाए । 'हामी काम गर्दै जान्छौं, बाँकी भुक्तानी पनि नगरपालिकाले गर्नुपर्छ,' उनले थपे ।

# किसानलाई अनुदानमा आलुको बीउ

**कृष्ण न्यौपाने**
दमौली, ४ मंसिर



व्यास नगरपालिकाले किसानलाई अनुदानमा आलुको बीउ वितरण गरेको छ । नगरपालिकालाई आलुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित नगरपालिकाले ५० प्रतिशत अनुदानमा किसानलाई आलुको बीउ वितरण गरेको हो ।

नगरपालिकाका १४ वटै वडाका करिब ३ सय किसानलाई १६ हजार ५ सय केजी आलुको बीउ वितरण गरिएको कृषि शाखा प्रमुख विश्वराज वाग्लेले जानकारी दिए । कृषि शाखाले जनकदेव र एमएस जातको आलुको बीउ वितरण गरेको हो ।

केजीको ५८ पर्ने जनकदेव आलुलाई २९ मा र केजीको ६० पर्ने एमएस आलुलाई ३० मा वितरण गरिएको हो । 'अनुदानमा आलुको बीउ वितरणका लागि सूचना निकालेका थियौं,' वाग्लेले भने, 'किसानको माग बमोजिम अनुदानमा बीउ बाँडेका छौं ।' नगरपालिकाले काभ्रेबाट आलुको बीउ किनेर ल्याएको हो ।

वितरण गरिएको बिउले करिब १ सय ८३ रोपनी क्षेत्रफललाई पुग्छ । 'आलुखेतीमा किसानलाई आकर्षित गर्न र आलुमा आत्मनिर्भर बनाउन अनुदानमा आलुको बीउ वितरण गरिएको हो,' वाग्लेले भने । कृषि शाखाले च्याउ, हाते ट्र्याक्टर, साना सिँचाइ, मौरीगोला तथा घार, तरकारी खेतीका लागि प्लास्टिक टनेल लगायत पनि अनुदानमा दिने तयारी गरेको छ । व्यास ८ जलेश्वर टोल विकास संस्थाका अध्यक्ष धर्मराज मिश्रले ६ सय केजी आलुको बीउ माग गरेकोमा ३ सय केजीमात्रै पाएको बताए । टोल विकास संस्थामार्फत् ६० जनाले आलुको बीउ खरिद गरेका छन् । समूहमार्फत आलुको बीउ खरिद गरे पनि यहाँका किसानले भने छुट्टाछुट्टै रुपमा आलुखेती गर्दै आएका छन् ।

व्यास १० खहरेस्थित मादीगंगा महिला बहुद्देश्यीय सहकारी अन्तर्गत महिला समूहले ९ सय केजी आलुको बीउ खरिद गरेको समूहका अध्यक्ष चिजा सापकोटाले जानकारी दिइन् । समूहले २ वर्षदेखि १५ रोपनी क्षेत्रफलमा सामूहिक आलुखेती गर्दै आएको छ । गत वर्ष ६ बोरा बीउ लगाएकोमा २४ बोरा आलु उत्पादन भएको समूहका सदस्य सान्नानी बगालेले जानकारी दिइन् ।

# १ हजार र ५ सयका नक्कली नोट फेला

वालिङ, ४ मंसिर (रासस)- स्याङ्जाको वालिङमा नेपाली ५ सय र १ हजारका नक्कली नोट फेला परेका छन् । वालिङमा भेटिएका नोट शंकास्पद भएपछि थप प्रमाणीकरणका लागि नेपाल राष्ट्र बैंक पोखरामा पठाइएकोमा पोखराले नक्कली भएको प्रमाणित गरेको राष्ट्रिय सहकारी बैंक वालिङका शाखा प्रमुख सुवास आचार्यले बताए । वालिङका ३ सहकारी संस्थाबाट राष्ट्रिय सहकारी बैंक वालिङ शाखामा जम्मा गर्न ल्याइएका नोट नक्कली पाइएको हो ।

पछिल्लो हप्ता ५ सयका ४ वटा र १ हजारको १ गरी ५ वटा नक्कली नोट भेटिएको प्रमुख आचार्यले बताए । 'गएको सोमबारदेखि बिहीबारसम्म निरन्तर १ वटाको दरले नक्कली नोट जम्मा गर्न ल्याएको पाइएको थियो', शाखा प्रमुख आचार्यले भने, 'तर अहिले देखिएको छैन, फेरि आउनसक्ने भएकाले सचेत हुन आवश्यक छ ।' राष्ट्रिय सहकारी बैंकमा जम्मा भएको शंकास्पद नोटलाई मेसिनबाट परीक्षण गर्दा नक्कली भएको पत्ता लागेको र वालिङस्थित अन्य बैंकमा पनि उक्त नोटलाई मेसिनमा राखेर परीक्षण गर्दा नक्कली भएको खुलेको थियो ।

# चाइना एक्स्पोमा पोखरेलीलाई निम्तो

पोखरा, ४ मंसिर (समाधान) - पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष दामु अधिकारीले चीनको नानिङ सहरमा अंग्रेजी वर्ष २०२० को सेप्टेम्बरमा आयोजना हुने १७ औं चाइना एसियन एक्स्पो'मा पोखरेली उद्योगी, व्यवसायी सहभागी हुने प्रतिबद्धता गरेका छन् ।

एक्सपोबारे जानकारी दिन आएको चिनियाँ प्रतिनिधि मण्डलसँग बुधबार भएको छलफलमा अध्यक्ष अधिकारीले पोखरा उद्योग वाणिज्य संघले पुसको १८ देखि २८ गतेसम्म आयोजना गर्न लागेको राष्ट्रिय औद्योगिक व्यापार मेलामा चिनियाँ सहभागिताका लागि पनि अनुरोध गरे ।

संघका निवर्तमान अध्यक्ष विश्वशंकर पालिखेले चीनमा आयोजना हुने एक्स्पोमा नेपाल भ्रमण वर्ष २०२० को प्रचारका लागि १ स्टल उपलब्ध गराउन चिनिया पक्षसँग अनुरोध गरे । उनले एक्स्पोमा स्टल उपलब्ध भएमा गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिकासँगको सहकार्यका त्यहाँ भ्रमण वर्षको प्रचारात्मक अभियान चलाउन पोखरा उद्योग वाणिज्य संघ तयार भएको बताए । छलफलमा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष नारायण कोइराला, उद्योगतर्फका उपाध्यक्ष बिन्दु कोइराला सुवेदी, महासचिव अर्जुन पोखरेल, कोषाध्यक्ष सुरेन्द्रमान बिजुक्छे तथा कार्यकारी निर्देशक टोपबहादुर थापाले पनि बोलेका थिए । चीनको नानिङको प्रदर्शनी केन्द्रमा हुने एक्स्पोमा एसिया तथा अन्य देशका विभिन्न उत्पादनको प्रदर्शनी हुन्छ । मेसिनरी सामानदेखि कृषि उत्पादनसम्मको प्रदर्शन हुने उक्त एक्स्पोमा ८ हजारभन्दा बढी व्यवसायीले प्रदर्शनी गर्छन् भने २ सय ७४ भन्दा बढी छलफल हुन्छन् ।

हार्दिक बधाई तथा शुभकामना



श्री तुलसी दाहाल



श्री जुना अधिकारी

सहस्रधाम आश्रम, सिम्पानीमणि, पोखरा-१८ का सदस्य **श्री तुलसी दाहाल** तथा ताल बाराही मन्दिर गुठी व्यवस्थापन समिति पोखरा-६, वैदामका सदस्य **श्रीमती जुना अधिकारी** राष्ट्रिय परोपकार महासंघ नेपाल, पोखरा-६, वैदाम शाखाको क्रमश : अध्यक्ष र उपाध्यक्षको गरिमामय पदमा निर्वाचित हुनु भएकोमा उहाँहरु लगायत नवनिर्वाचित सम्पूर्ण टिमलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

हिकमत बहादुर कुँवर
अध्यक्ष तथा
ताल बाराही मन्दिर गुठी व्यवस्थापन समिति परिवार
पोखरा-६, वैदाम

## आवश्यकता

**पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था**द्वारा संचालित यस पश्चिमाञ्चल सामदायिक अस्पताल, पृथ्वीचोक बसपार्क, पोखराका लागि निम्नानुसारका **कर्मचारीहरु आवश्यकता** भएको हुदाँ योग्यता पुगेका नेपाली नागरिकबाट यही मंसिर ८ गते भित्रमा दरखास्त आह्वान गरिएको छ ।

| क्र.स | विवरण | न्यूनतम शैक्षिक योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ओ.टि. स्क्रब नर्स | PCL नर्सिङ्ग | ३ | ओ.टि मा कम्तिमा १ वर्ष कार्य अनुभव भएको |
| २. | स्टाफ नर्स आई.सि.यू | PCL नर्सिङ्ग | २ | आई.सि.यू मा काम गरेकोलाई ग्राह्यता |
| ३. | रिसेप्सनिष्ट | +२ ब्यवस्थापन | १ | कम्प्यूटरमा बेसिक ज्ञान भएको |

**पेश गर्नुपर्ने कागजातहरु :**
क. हस्त लितिख निवेदन ।
ख. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
घ. हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति ।
ङ कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि । (भएमा)
च. बायोडाटा ।
छ. नर्सहरुको हकमा नेपाल नर्सिङ्ग काउन्सिलको प्रमाणपत्रकोप्रतिलिपि ।
Short List मा छनौट भएका उम्मेदवारहरुलाई मात्र सम्पर्क गरिनेछ ।

पदपुर्ति समिति :
**पश्चिमाञ्चल सामुदायिक अस्पताल**
**पृथ्वीचोक बसपार्क, पोखरा**
**सम्पर्क : ०६१-५३८८८८, ०६१-५३०७२२**

**त्रिभुवन विश्वविद्यालय**
**इन्जिनियरिङ अध्ययन संस्थान**
**पश्चिमाञ्चल क्याम्पस**
लामाचौर, पोखरा

## आशयपत्र साथै सम्झौताको लागि आव्हान गरिएको सूचना !

*मिति: २०७६/०८/०५ गते*

त्रि.वि. इ.अ. संस्थान पश्चिमाञ्चल क्याम्पस लामाचौर, पोखराद्वारा फर्निचर (डेक्स र बेन्च) खरिदको लागि आव्हान गरिएको सूचना अनुसार क्याम्पसमा दर्ता भएका फम/कम्पनीहरु मध्य मूल्यांकनको आधारमा योग्य छानिएका फर्म/सप्लार्यस **"श्री स्वस्तिक इन्टरनेशनल ट्रेड एण्ड कन्स्ट्रकसन प्रा.लि., काठमाडौं" द्वारा** पेश भएको विवरण सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा, सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (मिति २०७६/०८/११ गते) आशयपत्र साथै कार्य सम्पादन जमानत रकम **NIC Asia Bank** मा पश्चिमाञ्चल क्याम्पसको नाममा रहेको खाता नं. **१६४१६१५५५७३५२४०३** मा जम्मा गरेको भौचर साथ सम्झौताको निम्ति निवेदनसहित उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा त्रि.वि. नियमानुसार हुने व्यहोरा जानकारी गरिन्छ । क्याम्पसमा दर्ता भएका अन्य फर्म कम्पनीहरुले यसै सूचनाद्वारा जानकारी लिनु हुन अनुरोध गरिन्छ ।

**क्याम्पस प्रमुख**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य तालिम केन्द्र,**
गण्डकी प्रदेश, पोखरा

## सूचि दर्ता गराउने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७६/०८/०५

यस कार्यालयका लागी आ.व. २०७६/७७ मा आवश्यक पर्ने स्टेशनरी सामान, कार्यालय सामान, छपाई, पिउने पानी, कम्प्युटर, फोटोकपी, फ्याक्स मेशिनका पाटपूर्जा तथा मर्मत सामाग्री, विज्ञापन, फर्निचर, फर्निसिङ सामाग्री, ईलेक्ट्रिक/ईलेक्ट्रोनिक सामान तथा मर्मत सामाग्री, वेभसाईट तथा ईन्टरकम, हार्डवेयर सामाग्री, सवारी साधन आपूर्ति तथा मर्मत, सरकारी भवन निर्माण तथा मर्मत, सार्वजनिक निर्माण तथा मर्मत लगायत अन्य परामर्श सेवा समेत आपूर्ति गराउन सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क र नियमावली २०६४ को नियम १८ वमोजिम मौजुदा सूचिमा दर्ता हुन ईच्छुक व्यक्ति, फर्म, कम्पनी, निर्माण व्यवसायी, आपुर्तिकर्ता, परामर्शदाता, गैर सरकारी संस्था तथा सेवा प्रदायकले आफूले आपूर्ति गर्ने वस्तु तथा सेवाको छुट्टाछुट्टै विवरण उल्लेख गरी यस कार्यालयमा रितपूर्वकको निवेदनमा फर्म वा संस्था दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृदि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र आवश्यकता अनुसारको व्यवसायिक इजाजत पत्रका प्रमाणपत्रहरुको प्रतिलिपी सहित संलग्न राखि यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नहुन समेत अनुरोध छ ।

**खिमबहादुर खड्का**
निर्देशक

**CON Community Saving & Credit Co-operative Society Ltd.**
**Pokhara**

## Invitation for Bids No: CON/POKHARA/NCB/WORKS/01/076/77

*Date of Publication: 2076/08/05 B.S. (21 Nov, 2019 A.D.)*

1. We CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara invites bids from eligible bidders for following works. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| SN | Contract No. | Description of Works | Specific Nature of Similar Work Experience | Annual Average Turnover (NRs.) | Construction Experience in Key Activities | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Last Date of Bid Purchase And Time | Last Date of Bid Submission And Time |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CON/POKHARA/NCB/WORKS/01/076/77 | CON Community Saving & Credit Co-operative Society Ltd. Office Building Construction Work | at least one building work with a value of NRs. 26800000.00 in a single contract. | 40200000 | i) RCC work : 240 cum<br>ii) Stone masonry : 90 cum<br>iii) Reinforcement Bar : 32800 kg<br>iv) Brick Work with cement sand mortar : 130 cum | 1040000 | 5,000 (Non refundable) | 30th day of publication of bid notice within office hours. (**2076/09/04 B.S.**) | 32nd day of publication of bid notice within 12:00 hours. (**2076/09/06 B.S.**) |

2. Maximum number of JV Partners shall be three only, compliance requirement for each partner of JV=25% of the requirement, compliance requirement for the lead partner of JV=40% of the requirement.
3. Eligible Bidders may obtain further information from the office of ***CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara***.
4. **Information to deposit the cost of bidding document in Bank:**
**contact CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara**
5. Bids must be submitted to the office ***CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara*** before ***12:00hours*** of32nd day of notice publication ***(i.e., 2076/09/06B.S.)***. Bids received after this deadline will be rejected.
6. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours*** on 32nd day of notice publication***(i.e., 2076/09/06 B.S.)***at the office of ***CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara***. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security, amounting to a minimum of **as specified above** which shall be valid for 120 days (30 days beyond the validity period of the bid) from the last date of bid submission.
7. The Financial Bids of only qualified bidders will be opened after further notice.
8. Other mandatory information as per Public Procurement Act 2063 (Amended) and Public Procurement Regulation 2064 (Amended).
9. Employer Name& Address:

***CON Community Saving & Credit Co-operative Society Ltd., Pokhara, Kaski***
***Location: Pokhara***
***Attention: Manager***
***Telephone:061-535795,526988, 530567***
***Email:ccsccltd@gmail.com***

***MANAGER***

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



**कास्की - २ उपनिर्वाचन**

# ‘कांग्रेसले जित्नुको विकल्प छैन’



**समाधान संवाददाता**
पोखरा, ४ मंसिर

नेपाली कांग्रेसका नेता एवं कास्की २ का चुनावी कमान्डर डा. मीनेन्द्र रिजालले उपनिर्वाचन कांग्रेसले जित्नुको विकल्प नभएको बताएका छन् । नेता रिजालले मुलुक बेथितितर्फ उन्मुख भइरहेको भन्दै सरकारलाई सबककै लागि भए पनि चुनाव जितेर कास्कीबाट गतिलो सन्देश दिन आवश्यक रहेको बताए ।

उनले भने, ‘भ्रष्टाचार व्याप्त भएको छ । सरकारका कुनै पनि काम आहा भन्न लायक छैनन्, सरकारको अर्कमण्यतालाई हामीले हेरेर मात्रै बस्न भएन । अब नागरिकले भ्रष्टाचार सहँदैनन्, उनीहरूमा विश्वास गुमेको बेलामा उपनिर्वाचनलाई सदुपयोग गर्नुपर्छ ।’ ‘जनताले विकास चाहियो, देश भ्रष्टाचारमुक्त हुनुपर्‍यो भनेका छन्, निर्मला हत्या काण्डको कारबाही कहाँ पुग्यो,’ उनले भने, ‘चिकित्सा शास्त्रको अध्ययनमा भइरहेको विसंगतिलाई सरकारले रोक्न सकेको छैन ।’

६० वर्ष निस्कलंकित राजनीति गरेका कांग्रेस उम्मेदवार खेमराज पौडेललाई कास्की क्षेत्र नं २ को प्रतिनिधिसभा उपनिर्वाचनमा जिताउनुको विकल्प नभएको बताए । ‘अहिले मतदाता जवान पनि धेरै छन् । हामी ठाउँ ठाउँमा जाँदा त्यो जमातलाई पाका उम्मेदवार पौडेलको उम्मेदवारीले हौसला बढाएको छ’, उनले भने ।

‘कास्कीमा धेरै मानिससँग भेट गरेँ, सबैलाई करको चिन्ता छ, व्यवसाय फस्टाउन सकेको छैन भनिरहेका छन्, पर्यटन क्षेत्र खाली भएको व्यवसायीले गुनासो गरेका छन्’, नेता रिजालले भने । उनले हरेक चुनाव पहिलो हुने भएकाले यो चुनाव पनि पहिलो हो, यो पहिलो उपनिर्वाचनमा जनताले कांग्रेस उम्मेदवार पौडेललाई जिताएर पहिलो नै हुने दाबी गरे ।

**मुलुक र लोकतन्त्र खतरामा : रानाभाट**

नेपाली कांग्रेसका नेता तारानाथ रानाभाटले अधिनायकवादी शक्ति हाबी हुँदा मुलुक र लोकतन्त्र खतरामा परेको बताएका छन् । कास्की २ अन्तर्गत पोखरा ८ को घरदैलोका क्रममा नेता रानाभाटले यो सरकार बनेपछि जनता त्रासमै बाँच्न बाध्य आरोप लगाउँदै जनतामा शान्ति ल्याउन पनि यो उपनिर्वाचन कांग्रेसले जित्नै पर्ने तर्क गरे ।

‘यो सरकारको नीति र व्यवहारका कारण जनता निराश छन् । व्यापारी हतोत्साही भए । देशको अर्थतन्त्र चौपट भएको छ । यस्तो अवस्थामा देश कति दिन चल्न सक्छ’, उनले प्रश्न गरे ।

पोखरा ८ का चुनावी कमान्डरसमेत रहेका नेता रानाभाटले नेपालको सीमा मिचिएर जनता सडकमा आउँदासमेत कानमा तेल हालेर बस्ने केपी ओलीलाई पदमा बस्ने नैतिक अधिकार नभएको बताए । उनले कांग्रेसको पक्षमा जनमत बढ्ने दाबी गरे ।

जनताको घर आँगनमा कांग्रेस आउँदा जनताले राहत महसुस गरेका जिकिर गर्दै कांग्रेसप्रति जनताको विश्वास बढेकाले विगतका कमीकमजोरी सच्याएर कांग्रेसअघि बढ्न तयार बताए । वडा इकाइ सभापति सुवास सिग्देलका अनुसार पार्टीका सबै संगठनलाई चुनावमा खटाइएको छ ।

**मुकाबिला गर्न कांग्रेस तयार छ : शर्मा**

नेपाली कांग्रेसका नेता शुक्रराज शर्माले तानाशाही प्रवृत्तिको कम्युनिस्ट सरकारसँग मुकाबिला गर्न कांग्रेस तयार रहेको बताए । पोखरा ७ को घरदैलोका क्रममा नेता शर्माले मुलुकलाई भ्रष्टाचारका दलदलमा फँसाउने, जनतामा भ्रम सिर्जनामात्र गर्ने सरकारलाई जसरी भए पनि परास्त गर्नुपर्नेमा जोड दिए ।

‘यो सरकार सेतो हात्ती हो । देशको भार हो । घरघरमा ग्यास पाइप र रेलको सपना देखाएर जनतालाई दिग्भ्रमित बनाएको छ । सरकार अलोकतान्त्रिक काम गर्नमै उद्धत छ’, उनले भने । झुटको खेती गर्ने कम्युनिस्टलाई जनताले राम्रोसँग बुझिसकेको भन्दै उनले लोकतन्त्र मास्न, संविधान सिध्याउन र संघीयता तुहाउन सरकार नै लागिपरेको आरोप लगाए ।

वडा सभापति नवीन बरालका अनुसार मंगलबार मासबार क्षेत्रको घरदैलो गरेसँगै वडाका सबै मतदातासँग भेटघाट भइसकेको छ । सभापति बरालले अब चुनावी सभामार्फत पार्टीको धारणा र प्रतिबद्धता लिएर मतदातालाई बुझाउने काम हुने बताए ।

**खेमराजलाई स्याङ्जालीको साथ**

स्याङ्जाबाट पोखरा आइबसेका स्याङ्जालीहरु कास्की २ को उपनिर्वाचनमा कांग्रेस उम्मेदवारलाई जिताउन प्रतिबद्ध भएका छन् । कांग्रेस, स्याङ्जा-पोखरा सम्पर्क समितिले बुधबार छोरेपाटनमा गरेको चुनावी भेलामा सहभागीले खेमराजलाई यो चुनावमा जिताउने प्रतिबद्धता जनाएका हुन् ।

उनीहरूले नेपाली कांग्रेसले खेमराज पौडेल जत्तिको निष्ठावान राजनीतिकर्मीलाई उम्मेदवार बनाएकाले यो पटक सबै स्याङ्जालीको भोट एकै ठाउँमा केन्द्रित हुने बताए । ‘म नजिकै कास्कीको पुम्दीको तपाइँहरू छिमेकी जिल्ला स्याङ्जाबाट कास्कीको पोखरा आउनुभएको यो नै तपाईं हाम्रो सम्बन्ध हो । मुलुकमा अधिनायकवादले प्रजातन्त्र मास्न खोजेको आभाष भइरहेको छ । तपाईंहरू सचेत हुनुहुन्छ यो नै मेरा लागि र राष्ट्रका लागि काफी छ म त प्रतिनिधि पात्र मात्र हुँ,’ उम्मेदवार खेमराजले भने ।

कांग्रेस केन्द्रीय सदस्य गोपालमान श्रेष्ठले देशमा बढिरहेको अधिनायक चरित्रको अन्त्य गर्नुपर्ने बताए । उनले देशमा अहिले २ तिहाइको बलमा लुट्ने काम भएको भन्दै कास्की क्षेत्र नं २ को उपनिर्वाचनमा खेमराज पौडेललाई जिताउनुपर्ने बताए । कांग्रेस नेता धनराज गुरुङले संविधान र लोकतन्त्रको रक्षाका लागि भए पनि यो चुनाव कांग्रेसले जित्नुपर्नेमा जोड दिए । उनले कम्युनिस्ट सरकारले लोकतन्त्र मासेर अधिनायकवाद लाद्न खोजेको आरोप लगाए । नेपाली कांग्रेस, स्याङ्जा-पोखरा सम्पर्क समाजका संयोजक पवन नेपालको सभापतित्वमा भएको कार्यक्रममा नेपाली कांग्रेस स्याङ्जाका कार्यवाहक सभापति कुमार राना, पूर्व सांसद राजु थापा, नेतृ सरिता तिवारी, महासमिति सदस्य देवराज चालिसे, सचिव ध्रुवबन्धु पोखरेल लगायतले बोलेका थिए ।

**घरदैलो अभियान जारी**

कास्की कांग्रेसको घरदैलो अभियान जारी छ । उम्मेदवारसहितको घरदैलो अभियान पोखरा १६ मा भइरहेको छ । पोखराका अन्य १० वटै वडामा घरदैलो र मतदाता भेटघाट अभियान जारी रहेको पार्टी सभापति कृष्ण केसीले जानकारी दिए । उनका अनुसार केही वडामा मतदाता भेटघाट कार्यक्रम सकिएको र चुनावीसभाको तयारी भएको छ । कास्की २ का कांग्रेस उम्मेदवार खेमराज पौडेलसहितका नेताले पोखरा १६ मा घरदैलो र मतदाता भेटघाट गरेका छन् । बुधबार बिहान ७ बजे पोखराको केआइसिं पुलबाट सुरु भएको अभियान लामाचौर हुँदै बाटुलेचौर, जोगीमणि, अर्मला पुग्ने कास्की कांग्रेसका क्षेत्रीय सभापति माधव बाँस्तोला ‘मधुले जानकारी दिए ।

# जनता र पार्टीको अनुरोधले मैदान : विद्या

**समाधान संवाददाता**
पोखरा, ४ मंसिर



नेकपा उम्मेदवार विद्या भट्टराई अधिकारी र नेकपा नेताहरु मत माग्न व्यस्त छन् । बुधबार पोखरा ३३ भरतपोखरीमा नेकपाले विभिन्न स्थानमा घरदैलो र कोणसभा गरेको छ । नेपाली कांग्रेस, नेविसंघ र तरुण दलमा सक्रिय ३३ जना नेकपा प्रवेश गरेका छन् ।

कांग्रेस नेताहरु प्रकाश श्रेष्ठ, कृष्ण भुसाल, जीतबहादुर थापा, उमेश बराल लगायतलाई नेकपा गण्डकी अध्यक्ष हितराज पाण्डे ‘उत्तम’ र नेकपा उम्मेदवार भट्टराईले पार्टीमा स्वागत गरे । मंगलबार नेपाली कांग्रेस पोखरा १७ को जानकी बुथका बुथ समिति सभापति नगेन्द्र शर्मा भण्डारीसहित ४० जना नेकपा प्रवेश गरेका थिए ।

उम्मेदवार भट्टराईले नेकपाले अघि सारेको देश विकासको महाअभियानको आफू सारथि बन्ने प्रतिज्ञा गरेकी छन् । उनले सोही क्षेत्रका सांसदसमेत रहेका पति रवीन्द्र अधिकारीको गाउँमा भएको कोणसभामा विकास र समृद्धिको बाँकी सपना आफूले पूरा गर्ने बताइन् । उनले भनिन्, ‘देशको विकास र समद्धिको महाअभियान सुरु भएको छ, । मेरो जीवन अब जनताकै सेवामा समर्पित गर्छु ।’ उनले पार्टी र जनताको अनुरोधमा आफू मैदानमा आएको बताइन् ।

नेकपा गण्डकी अध्यक्ष उत्तमले जनजाति, आदिवासी, उत्पीडितको मुक्ति र देशको समृद्धि नेकपाले मात्र गर्न सक्ने बताए । नेकपा कास्की अध्यक्ष कृष्ण थापाले उच्च उत्साहका साथ आफूहरु चुनावमा होमिएको बताए । पोखरा ३३ का वडाध्यक्ष शिवप्रसाद आचार्यले रवीन्द्रको योजना अनुसारै वडाले विकासका काम गरिरहेको बताए । कार्यक्रममा नेकपा पोखरा ३३ का चुनावी कमान्डर भीम कार्की, प्रदेशसभा सदस्य दीपक कोइराला, नेकपा नेता धनराज आचार्य, युवा नेता रश्मी आचार्य, नेकपा पोखरा ३३ का अध्यक्ष गुरुप्रसाद क्रान्तिकारी, सचिव गोपाल पुन लगायतले नेकपाको नेतृत्वमा मात्र समृद्धि सम्भव हुने दाबी गरे ।

**सुन्दर भविष्यका लागि नेकपा : राजकाजी**

पोखरा १६ का चुनावी कमान्डर राजकाजी गुरुङले सरकारले देशको विकास र सुशासनका क्षेत्रमा उल्लेखनीय कार्य गरेको बताएका छन् । उनले देश र जनताले आफ्नो सुन्दर, समृद्ध भविष्यका लागि नेकपलाई विजयी गराउने बताए ।

गण्डकी प्रदेशसभा सदस्य पुष्पा केसी भण्डारी, निर्वाचन परिचालन कमिटी संयोजक निर्मल आचार्य लगायतको टोलीले बुधबार पोखरा १६ का बाटुलेचौर, लामाचौर, अर्मला, जोगीमणी लगायतका विभिन्न क्षेत्रका घरदैलो गरेको छ ।

**पोखरा ११ र २१ मा घरदैलो**

नेकपाका नेता कार्यकर्ता पोखरा ११ मा बिहान सबेरैदेखि साँझसम्म चुनावी प्रचारप्रसारमा व्यस्त छन् । वडाका चुनावी कमान्डर चूडामणि जंगलीको नेतृत्वमा नेकपा टोलीले मात मागिरहेको छ ।

वडाको पर्यटकीयस्थल काहुँडाँडामा ९ तले आधुनिक धरहरा निर्माणका लागि डिपीआर तयार भइसकेकाले त्यसलाई पूर्ण गराउन पनि नेकपालाई जिताउन जंगलीले आग्रह गरे । उनले सडक, खानेपानी लगायतका जनताका समस्या स्थानीय, संघ र प्रदेश सरकारले समाधान गर्ने भएकाले नेकपाको विकल्प नभएको दाबी गरे । वडा कमिटीले मंसिर ५ गते जनसंगठनको भेला तथा ६ गते महिला ¥याली र ७ गते युवाको मार्चमास आयोजना गर्ने प्रचारप्रसार संयोजक नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

पोखरा २१ मा वडा परिचालन कमिटीले घरदैलो गरिरहेको छ । वडाका चुनावी कमान्डर दीपक पौडेलले बुधबार निर्मलपोखरीका लेवाड, मैदान, गिरीगाउँ, जनचेतना स्कुल क्षेत्र, लाम्पाटा, शिवालय, फोक्सिङका मतदातामाझ गएर भोट मागिएको बताए । कमिटीले कृस्तिका छापस्वारा, रानी, वयली, च्यारथुम लगायतका ठाउँमा पनि घरदैलो गरेको प्रचारप्रसार सहसंयोजक झपट रानाभाटले बताए ।

**पोखरा २० मा ज्येष्ठ नागरिक कमिटी**

नेकपा पोखरा २० ले ज्येष्ठ नागरिकको भेला गरेको छ । भेलाले कृष्णबहादुर केसीको संयोजकत्वमा ४५ सदस्यीय ज्येष्ठ नागरिक चुनाव परिचालन कमिटी गठन गरेको छ । कार्यक्रममा पोखरा २० का चुनावी कमान्डर विश्वप्रकाश लामिछाने, नेकपा पोखरा २० अध्यक्ष भीमप्रसाद बास्तोला, सूर्यविलास पौडेल, गोबिन्दप्रसाद पौडेल, ताराप्रसाद पौडेल, रविकिनारा लामिछाने लगायतले शोकलाई पनि शक्तिमा बदलेर नेकपाले कास्की २ को समृद्धिको नेतृत्व गर्ने बताए ।

**पोखरा ४ र १५ मा युवा भेला**

नेकपाको चुनावी अभियान अन्तर्गत पोखरा १५ मा टोल स्तरीय घरदैलो अभियान जारी छ । बुधबार भएको भेलाले नारायण भण्डारीको संयोजकत्वमा ५१ सदस्यीय युवा परिचालन कमिटी बनाएको छ । भेलाले घरदैलो तथा नेकपाको पोखरामा हुने आमसभालाई व्वस्थापन गर्न सहयोग गर्ने निर्णय गरेको नेकपा १५ अध्यक्ष भक्तबहादुर खत्रीले बताए ।

पोखरा ४ मा पनि युवा परिचालन कमिटी गठन भएको छ । नेकपाले अनीलबहादुर कोइरालाको संयोजकत्वमा १ सय ५१ सदस्यीय कमिटी बनाएको छ । पोखरा ४ का चुनावी कमान्डर दामोदर वैरागीले युवा र देशको वर्तमान र भविष्य सुन्दर बनाउन देशमा नेकपाको नेतृत्व र चुनावमा नेकपाकै विजय जरुरी हुने बताए ।

# प्याराग्लाइडिङ नहुने निश्चित

**समाधान संवाददाता**
पोखरा, ४ मंसिर

दक्षिण एसियाली खेलकुद (साग) को १३ औं संस्करणमा प्याराग्लाइडिङ प्रतियोगिता नहुने निश्चित भएको छ । प्रतियोगिताका लागि बुधबारसम्म अन्तिम समय तोकिएको थियो । तर, अन्तिम समयसम्म नेपाल र पाकिस्तानबाहेक अर्को राष्ट्र सहभागी नहुने भएपछि प्रतियोगिता नहुने भएको हो ।

नेपाल प्याराग्लाइडिङ एसोसिएसनका महासचिव शैलेन्द्र रावतले अन्तिम समयसम्म तेस्रो राष्ट्रले खेलाडी दर्ता नगरेपछि प्रतियोगिता नहुने भएको जानकारी दिए । ‘पाकिस्तानबाट पनि जम्मा २ जना खेलाडीको मात्रै नाम दर्ता भएको छ । तर, प्रतियोगितामा भाग लिन ५ पुरुष र ३ महिला अनिवार्य हुनुपर्छ,’ उनले भने, ‘ दर्ता भएको राष्ट्रले पनि खेलाडी संख्या नपुर्‍याएकाले खेल नहुने भएको हो ।’ सागको नियम अनुसार प्रतियोगिता हुन कम्तीमा ३ राष्ट्र सहभागी हुनुपर्छ ।

प्रतियोगिता सराङ्कोटको तोरीपानीमा सञ्चालन गर्ने तय थियो । तर, सहभागी राष्ट्र अपुग भएकाले प्रतियोगिता स्थगित हुने भएको हो । ‘बुधबारसम्म खेलाडी दर्ताका लागि समय तोकिएको थियो । अहिलेसम्म सहभागी राष्ट्रको संख्या नपुगेपछि प्रतियोगिता नहुने निश्चित भयो,’ रावतले भने, ‘तर, ओलम्पिक कमिटीले अहिलेसम्म प्रतियोगिता नहुनेबारे हामीलाई कुनै जानकारी भने दिएको छैन ।’

**प्यारापिट धमाधम जोडिँदै**

१३ औं साग प्रतियोगिता हुन ११ दिनमात्रै बाँकी हुँदा रंगशालाको भौतिक तथा प्राविधिक निर्माण कार्यलाई तीव्र पारिएको छ । साग अन्तर्गतको महिला फुटबल खेलाइने पोखरा रंगशालामा अहिले प्यारापिट जडान कार्य सुरु भएको छ । बुधबारबाट सुरु भएको प्यारापिट निर्माण ५ दिनभित्र सकिने निर्माण कम्पनीको दाबी छ । रंगशाला प्यारापिटमा जडान भइरहेको स्टिल मोडुलर ग्रान्डस्ट्यान्ड २ दिनअघिमात्रै पोखरा आइपुगेको हो । प्यारापिट जडानका लागि निर्माण कम्पनीलाई नेपाल प्रहरीले समेत सहयोग गरिरहेको छ । ‘आइतबार ७ कन्टेनर र सोमबार ८ कन्टेनर गरी १५ कन्टेनर प्यारापिटका लागि आवश्यक सामान पोखरा आएको हो,’ रंगशाला पुनर्निर्माण गर्ने जिम्मा लिएको नेपाली कम्पनी



एमए कन्स्ट्रक्सन जेभीका प्रोजेक्ट म्यानेजर दीपक बरालले भने ‘५ दिनभित्र तयार हुने यो प्यारापिट ३८ सय क्षमताको हुनेछ ।’ करिब १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण गरिने बताइएपनि हाल सो क्षमताभन्दा कम प्यारापिट जडान गर्न लागिएको हो ।

**मैदानको दुबो अझै आइपुगेन, खेल अझै अन्योल**

१३ औं साग महिला फुटबलका लागि धमाधम जडान कार्य सुरु भएपनि खेल हुने/नहुने अझै अन्योल छ । खेलकाल लागि मैदान अझै तयार भइनसक्दा खेल नहुने सम्भावना बढेको हो । महिला फुटबल प्रतियोगिता हुने मैदानमा अझै करिब १२ हजार वर्गफिट दुबो फेर्नुपर्ने छ ।

खेल विज्ञका अनुसार नयाँ दुबो बिछ्याएको २ हप्तामा खेल्न सकिने भए पनि अहिलेसम्म दुबो नेपाल नआएकाले महिला फुटबल हुनेमा शंका देखिएको हो । खेल सुरु हुन अब ११ दिनमात्रै बाँकी छ ।

सोमबारसम्म पोखरामा दुबो आइसक्ने गत शनिबार युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले दाबी गरेका थिए । तर, बुधबारसम्म पोखरामा आवश्यक दुबो आइपुगेको छैन । अब हतारमा दुबो बिछ्याए पनि समय अभावका कारण खेलका लागि उपयुक्त भने हुने छैन ।

‘बुधबार साँझसम्म दुबो पोखरा आइपुग्ने कुरा थियो,’ प्रोजेक्ट म्यानेजर दीपक बरालले समाधानसँग भने, ‘आउन केही ढिलाई भयो । अब बिहीबार बिहानै दुबो आइपुग्छ । आइसकेपछि हामी तत्काल दुबो परिवर्तन गर्छौं ।’ दुबो पोखरा आइसकेपछि त्यसलाई ‘रिप्लेस’ गर्न कुनै समस्या नहुने उनको तर्क छ ।

महिला फुटबल हुने मैदानका लागि अघिल्लो पटक कोलकत्ताबाट माटोसहित दुबो ल्याइएको थियो । तर, भारतीय क्वारेन्टाइनले भन्सारमा माटोसहित दुबो रोकिदिँदा दुबो आउन १ हप्ता लागेको थियो । मैदानका लागि ल्याइएको ८७ हजार वर्गफिट दुबो नेपाल ल्याउन ढिलाइ भएका कारण आधाभन्दा बढी उम्रिएन । अहिले कम्पनीले १२ हजार वर्गफिट दुबो मगाएको हो ।

रंगशालाभित्र पर्ने पर्ने सिन्थेटिक एथलेटिक ट्र्याक बनाउने कामसमेत अधुरै छ । प्रोजेक्ट म्यानेजर बरालले ट्र्याक बढीमा ५ दिनभित्र तयार भइसक्ने दाबी गरे । ‘रंगशालाको अहिले ९० प्रतिशत काम सकिएको छ । बाँकी काम पनि केही दिनभित्रै पूरा हुन्छ,’ उनले भने । मंसिर १५ देखि २५ गतेसम्म हुन लागेको खेल पोखरासहित काठमाडौं र जनकपुरमा हुनेछ । पोखरामा ९, जनकपुरमा १ र बाँकी खेल काठमाडौंमा हुने तय भएको थियो । तर, प्याराग्लाइडिङ नहुने भएपछि पोखरामा ८ खेलमात्रै हुने छन् । पोखरामा तय भएका खेलमा ट्रायथोलन, आर्चरी, बिच भलिबल, ह्यान्डबल, महिला क्रिकेट, महिला फुटबल र भारोत्तोलन छन् ।




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com